# अनुशरण किन? र कसको?

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

2014 - 1435

IslamHouse.com

# الاتباع لمن؟ ولماذا؟

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले यस कुरालाई प्रष्ट पार्ने प्रयास गरेको छु कि अनुशरण गर्ने आवश्यकता किन पर्छ र यदि अनुशरण गर्नु नै छ भने कसको अनुशरण गर्ने ? र यो सबै कुरालाई मैले कुरआन र हदीस तथा विद्वानहरूको कथन र प्राकृतिक प्रमाणहरूको प्रकाशमा प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ। र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

अल्लाहले समस्त ब्रह्माण्डलाई उत्पन्न गरी त्यसमा बस्नको लागि नानाथरिका जीवधारीहरूलाई जन्मायो, तर उनीहरूलाई जन्माएर यस्तै निरुद्देश्य छाडे छैन जस्तोकि अल्लाहको भनाई छ :

﴿ أَيَحۡسَبُ ٱلۡإِنسَٰنُ أَن يُتۡرَكَ سُدًى ٣٦ ﴾ القيامة: ٣٦

अर्थ : के मानिसले यो ठान्दछ कि उसलाई यस्तै छाडिदिइनेछ ? ( सूरतुल कियाम: ३६ )

बरु हामीलाई जन्माउने केही उद्देश्य पनि छ जसरी अल्लाहको भनाई छ :

﴿ وَمَا خَلَقۡتُ ٱلۡجِنَّ وَٱلۡإِنسَ إِلَّا لِيَعۡبُدُونِ ٥٦ ﴾

الذاريات: ٥٦

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् । ( सूरतुज्जारियात ५६ )

त हामीमाथि अल्लाहको यो दया नै हो कि अल्लाहले हामीलाई यस्तो बाटोमा लगायो जुन बाटो हामीलाई त्यस अविनाशी सम्म पुऱ्याउने

जमानत दिन्छ र त्यसलाई स्वर्गमा प्रवेश गराउने आश्वासन दिन्छ ।
र यस्ता कार्यहरू तर्फ हामीलाई बोलाउँछ जुन त्यस अल्लाहको प्रसन्नताको कारण बनोस् । र हामीलाई अल्लाह र अल्लाहका रसूलको अनुशरण तर्फ आव्हान गर्छ ।
वास्तवमा हाम्रो जन्मको उद्देश्य नै अल्लाह र अल्लाहका रसूल मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नु हो । र आफ्नो समस्त कार्यलाई केवल अल्लाहको प्रसन्नता पाउनको लागि गर्नु हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُلۡ إِنَّ صَلَاتِي وَنُسُكِي وَمَحۡيَايَ وَمَمَاتِي لِلَّهِ رَبِّ ٱلۡعَٰلَمِينَ ١٦٢ ﴾ الأنعام: ١٦٢

अर्थ : यो पनि भनिदिनुस् कि मेरो नमाज, र मेरो सबै इबादत (उपासना) निश्चित रूपले र मेरो जीवन र मृत्यु सबै अल्लाह कै लागि हुन्, जो सम्पूर्ण ब्रह्माण्डको स्वामी हो । ( सूरतुल् अन्आम १६२ )

यसैलाई हामी पूर्ण अनुशरण भन्न सक्छौं । अर्थातः हाम्रो समस्त कार्य मात्र अल्लाहको लागि होस् ।

प्रत्येक मुसलमान अल्लाहको अनुशरण त गर्छ तर सबैको अनुशरण भिन्न तरिकाले हुन्छ, केही त पूर्णरूपले अनुशरण गर्छन् त केहीले अनुशरण गर्नुमा कमी कोताही गर्छन् । यसलाई अल्लाहले कुरआनमा यसरी प्रष्ट पारेका छन् :

﴿ وَلِيَعۡلَمَ ٱلَّذِينَ نَافَقُواْۚ وَقِيلَ لَهُمۡ تَعَالَوۡاْ قَٰتِلُواْ فِي سَبِيلِ ٱللَّهِ أَوِ ٱدۡفَعُواْۖ قَالُواْ لَوۡ نَعۡلَمُ قِتَالٗا لَّٱتَّبَعۡنَٰكُمۡۗ هُمۡ لِلۡكُفۡرِ يَوۡمَئِذٍ أَقۡرَبُ مِنۡهُمۡ لِلۡإِيمَٰنِۚ يَقُولُونَ بِأَفۡوَٰهِهِم مَّا لَيۡسَ فِي قُلُوبِهِمۡۚ وَٱللَّهُ أَعۡلَمُ بِمَا يَكۡتُمُونَ ١٦٧ ﴾ آل عمران: ١٦٧

अर्थ : साथै मुनाफिकहरूलाई छुट्याउनका निम्ति पनि जोसंग भनियो कि आऊ अल्लाहको मार्गमा युद्ध गर अथवा काफिरहरूको आक्रमणलाई रोक । त भन्न थाले कि यदि हामीलाई युद्धबारे थाहा भएको भए, हामी अवश्य नै तिम्रो साथ दिने थिएँ । त्यसदिन यिनीहरू ईमानको दाँजोमा कुफ्रको नजिक थिए । आफ्नो मुखले तिनीहरूले ती कुराहरू

भन्दछन् जुन तिनका हृदयमा छैनन् । र यिनले जे-जति कुरा लुकाउँछन्, अल्लाहलाई त्यसबारे सबै राम्ररी थाहा छ । ( सूरतु आले इम्रान १६७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَا تَكُونُواْ كَٱلَّذِينَ قَالُواْ سَمِعۡنَا وَهُمۡ لَا يَسۡمَعُونَ ٢١ ﴾ الأنفال: ٢١

अर्थ : र तिमी उनीहरू जस्तो नहुनु जसले दावी गर्दछन् कि हामीले सुनें जबकि उनीहरू सुन्दैनन् । ( सूरतुल् अन्फाल २१)

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَءَاخَرُونَ ٱعۡتَرَفُواْ بِذُنُوبِهِمۡ خَلَطُواْ عَمَلٗا صَٰلِحٗا وَءَاخَرَ سَيِّئًا عَسَى ٱللَّهُ أَن يَتُوبَ عَلَيۡهِمۡۚ إِنَّ ٱللَّهَ غَفُورٞ رَّحِيمٌ ١٠٢ ﴾
التوبة: ١٠٢

अर्थ : र केही अरु मानिसहरू छन् जसले कि आफ्ना त्रुटिहरू स्पष्ट रूपले स्वीकार गर्दछन् । जसले असल र खराब दुवै किसिमका काम गरेका थिए । आशा छ कि अल्लाहले तिनीहरूको पश्चाताप स्वीकार गर्नेछ । नि:सन्देह अल्लाह ठूलो क्षमा-दाता, दयावान् छ । ( सूरतुत्तौबा १०२ )

तर अल्लाहले हामीलाई आदेश गरेछ कि हामी पूर्णरूपले अनुशरण गरौं र अल्लाह बाहेक कसैसित सहायता नचाहौं, किनकि अल्लाह बाहेक कोही पनि सहायता गर्न सक्दैन, चाहे त्यो नबी होस् वा वली सबै मृत भइसकेका छन् । अल्लाहको फर्मान छ :

﴿ أَمْوَٰتٌ غَيْرُ أَحْيَآءٍ ۖ وَمَا يَشْعُرُونَ أَيَّانَ يُبْعَثُونَ ﴾ ٢١

﴿ النحل: ٢١

अर्थ : (तिनीहरू) लाश हुन्, जिउँदो होइनन् तिनीहरूलाई यो पनि थाहा छैन कि कहिले उठाइनेछन् । ( सूरतुन्नहल २१ )

अल्लाहसित प्रार्थना छ कि अल्लाह हामीलाई पूर्ण तरिकाले अनुशरण गर्नेवाला बनाओस् र हामीलाई स्वर्ग प्रदान गरोस् आमीन ।

## मानवजातिको कथा

जब अल्लाहले आदमलाई (दम्पतिलाई) आफ्नो हातले अविष्कार गऱ्यो, त्यसै समयबाट मानवजातिको कथा आरम्भ हुन्छ । अल्लाहले आदमलाई माटोबाट अविष्कार गऱ्यो, र त्यसमा आत्मा (रूह) हाल्यो । अनि आदमलाई समस्त वस्तुहरूको नाम सिकायो । तत पश्चात फरिश्ताहरूलाई यो आदेश गऱ्यो कि आदमलाई ढोग गर । त सबै फरिश्ताहरूले ( स्वर्गदूतहरूले) आदमलाई ढोगे तर इब्लीसले इन्कार गऱ्यो, र इब्लीस वास्तवमा जिन्नात ( दानव)हरू मध्येको थियो, त त्यसले भन्यो: म यस माटोले बनेको मानवलाई कदापि ढोग गर्दैन । अनि त्यसको यसै अभिमानको कारण अल्लाहले त्यसलाई तिरस्कृत गऱ्यो र त्यसलाई आफ्नो दरबारबाट निष्कासित गरिबक्स्यो, र त्यसलाई नरकीयहरू मध्येको खोषित गरिदियो ।

तत पश्चात इब्लीसले अल्लाहसित प्रलयको दिन सम्मको मोहलत र छूटको विनती गऱ्यो । र मानवजातिलाई पथ भ्रमित गर्ने वचन र प्रण गऱ्यो । यस कथालाई अल्लाहले कुरआनमा यस प्रकार वर्णन गरेको छ :

﴿ وَلَقَدۡ خَلَقۡنَٰكُمۡ ثُمَّ صَوَّرۡنَٰكُمۡ ثُمَّ قُلۡنَا لِلۡمَلَٰٓئِكَةِ
ٱسۡجُدُواْ لِأٓدَمَ فَسَجَدُوٓاْ إِلَّآ إِبۡلِيسَ لَمۡ يَكُن مِّنَ
ٱلسَّٰجِدِينَ ١١ قَالَ مَا مَنَعَكَ أَلَّا تَسۡجُدَ إِذۡ أَمَرۡتُكَۖ قَالَ أَنَا۠ خَيۡرٞ
مِّنۡهُ خَلَقۡتَنِي مِن نَّارٖ وَخَلَقۡتَهُۥ مِن طِينٖ ١٢ قَالَ فَٱهۡبِطۡ مِنۡهَا فَمَا
يَكُونُ لَكَ أَن تَتَكَبَّرَ فِيهَا فَٱخۡرُجۡ إِنَّكَ مِنَ ٱلصَّٰغِرِينَ ١٣ قَالَ
أَنظِرۡنِيٓ إِلَىٰ يَوۡمِ يُبۡعَثُونَ ١٤ قَالَ إِنَّكَ مِنَ ٱلۡمُنظَرِينَ ١٥ قَالَ
فَبِمَآ أَغۡوَيۡتَنِي لَأَقۡعُدَنَّ لَهُمۡ صِرَٰطَكَ ٱلۡمُسۡتَقِيمَ ١٦ ثُمَّ لَأٓتِيَنَّهُم
مِّنۢ بَيۡنِ أَيۡدِيهِمۡ وَمِنۡ خَلۡفِهِمۡ وَعَنۡ أَيۡمَٰنِهِمۡ وَعَن شَمَآئِلِهِمۡۖ وَلَا تَجِدُ
أَكۡثَرَهُمۡ شَٰكِرِينَ ١٧ قَالَ ٱخۡرُجۡ مِنۡهَا مَذۡءُومٗا مَّدۡحُورٗاۖ لَّمَن
تَبِعَكَ مِنۡهُمۡ لَأَمۡلَأَنَّ جَهَنَّمَ مِنكُمۡ أَجۡمَعِينَ ١٨ وَيَٰٓـَٔادَمُ ٱسۡكُنۡ
أَنتَ وَزَوۡجُكَ ٱلۡجَنَّةَ فَكُلَا مِنۡ حَيۡثُ شِئۡتُمَا وَلَا تَقۡرَبَا هَٰذِهِ ٱلشَّجَرَةَ
فَتَكُونَا مِنَ ٱلظَّٰلِمِينَ ١٩ فَوَسۡوَسَ لَهُمَا ٱلشَّيۡطَٰنُ لِيُبۡدِيَ لَهُمَا
مَا وُۥرِيَ عَنۡهُمَا مِن سَوۡءَٰتِهِمَا وَقَالَ مَا نَهَىٰكُمَا رَبُّكُمَا عَنۡ هَٰذِهِ
ٱلشَّجَرَةِ إِلَّآ أَن تَكُونَا مَلَكَيۡنِ أَوۡ تَكُونَا مِنَ ٱلۡخَٰلِدِينَ ٢٠

وَقَاسَمَهُمَآ إِنِّي لَكُمَا لَمِنَ ٱلنَّٰصِحِينَ ﴿٢١﴾ فَدَلَّىٰهُمَا بِغُرُورٖۚ
فَلَمَّا ذَاقَا ٱلشَّجَرَةَ بَدَتۡ لَهُمَا سَوۡءَٰتُهُمَا وَطَفِقَا يَخۡصِفَانِ
عَلَيۡهِمَا مِن وَرَقِ ٱلۡجَنَّةِۖ وَنَادَىٰهُمَا رَبُّهُمَآ أَلَمۡ أَنۡهَكُمَا عَن تِلۡكُمَا
ٱلشَّجَرَةِ وَأَقُل لَّكُمَآ إِنَّ ٱلشَّيۡطَٰنَ لَكُمَا عَدُوّٞ مُّبِينٞ ﴿٢٢﴾ قَالَا رَبَّنَا
ظَلَمۡنَآ أَنفُسَنَا وَإِن لَّمۡ تَغۡفِرۡ لَنَا وَتَرۡحَمۡنَا لَنَكُونَنَّ مِنَ
ٱلۡخَٰسِرِينَ ﴿٢٣﴾ قَالَ ٱهۡبِطُواْ بَعۡضُكُمۡ لِبَعۡضٍ عَدُوّٞۖ وَلَكُمۡ فِي
ٱلۡأَرۡضِ مُسۡتَقَرّٞ وَمَتَٰعٌ إِلَىٰ حِينٖ ﴿٢٤﴾ قَالَ فِيهَا تَحۡيَوۡنَ
وَفِيهَا تَمُوتُونَ وَمِنۡهَا تُخۡرَجُونَ ﴿٢٥﴾ ﴾ الأعراف: ١١ - ٢٥

अर्थ : र हामीले तिमीलाई सृष्टि गऱ्यौं, अनि तिम्रो रूप आकार बनायौं तर त्यसपछि फरिश्ताहरूलाई आदेश गऱ्यौं कि आदमको अगाडि ढोग, र सबैले ढोगे, तर इब्लीस ( शैतानहरूको नायक) ढोग्नेहरूमा शामिल भएन । अल्लाहले भन्यो “तिमी हौ जस्लेढोगेनौ तिमीलाई यसबाट कुन कुराले रोक्यो जब कि मैले तिमीलाई आदेश गरें?” उसले भन्यो: कि, “म त्यसभन्दा श्रेष्ठ छु । मलाई तपाईले आगोबाट सृष्टि गर्नु भएको हो र उसलाई

माटोबाट ।" अल्लाहले आदेश गऱ्यो तँ आकाशबाट तल झरिहाल तँलाई उचित छैन कि यहाँ घमण्ड गर तसर्थ गई हाल । तँ ती व्यक्तीहरूमध्येको होस् जसले स्वयं आफ्नो अपमान चाहन्छ । उसले भन्यो कि, मलाई कयामत (प्रलय)को दिनसम्म छूट प्रदान गरिदिनुस्, अल्लाहले भन्यो ठीक छ, "तँलाई छूट प्रदान गरिन्छ ।" अनि शैतानले भन्यो कि जस प्रकार तपाईले मलाई तिरस्कृत गर्नुभयो म शपथलिन्छु कि तिम्रो सोझो बाटोबाट उनीहरूलाई मार्ग विचलित गर्नको लागि घातलगाई बसिराख्ने छु । अनि तिनका अगाडि र पछाडि र दायाँ र बायाँ चारैतिरबाट उनीहरूमाथी आक्रमण गर्ने छु । र तिमीले तिनीहरूमध्ये धेरैलाई कृतज्ञ पाउँने छैनौं । अल्लाहले आदेश गऱ्यो, "निक्ली हाल" यहाँबाट, घृणित र अपमानित भएर । नि:सन्देह तिनीहरूमध्ये जुन मानिसहरूले तेरो भनाई मान्ने छन् मैले तँलाई र तिनीहरूलाई नर्कमा हालेर नर्कलाई नै भरिदिनेछु ।"र हामीले आदेश दियौंकी हे आदम तिमी र तिम्रो श्रीमती दुवै यस वहिश्त (स्वर्ग) मा बसोबास गर जहाँ तिमीहरूलाई जुन कुरा खान मन पर्छ खाऊ

तर त्यस रुख छेउ नजानु अन्यथा अन्यायी भइहाल्नेछौ । त्यसपछि शैतानले ती दुवैको मनमा कौतुहलको सृजन गरिदियो जसबाट तिनीहरूको गुप्ताङ्गहरू जुन एकअर्कासंग लुकाइएको थियो, तिनीहरूको अगाडि खोलिदेओस् । उसले भन्न थाल्यो कि, तिमीहरूलाई तिम्रो पालनकर्ताले यस रुखबाट मात्र यस कारणले रोकेको छ कि तिमी दुवै फरिश्ता (स्वर्गदूत) नबनी हाल वा तिमीहरूलाई शाश्वत अमरत्व प्राप्त भएर नजाओस् । तिनीहरूको समक्ष (शैतानले) शपथ खाएर भन्यो कि म तिम्रो हितैसी हूँ । यस प्रकार धोखा दिएर उसले ती दुवैलाई विस्तारै आफ्नो पापतिर आकृष्ट गरिहाल्यो । जब तिनीहरू दुवैले त्यस रुखको फलको स्वाद चाखे तब तिनीहरूका गुप्ताङ्गहरू एक अर्का अगाडि प्रकट भैहाले । र तिनीहरूले स्वर्गको पातबाट आफ्नो शरीर ढाँक्न थाले । त्यसपछि तिनका पालनकर्ताले तिनीहरूलाई सम्बोधन गर्दै भने कि, के मैले तिमीहरूलाई यस वृक्षबाट रोक लगाएको थिएन ? र भनेको थिएन कि, शैतान तिम्रो खुला रूपमा शत्रु हो ? दुवैले भन्न थाले कि, “हे हाम्रो रब हामीले

आफ्नो लागी ठूलो नोक्सान गऱ्यौं, अब यदि तिमीले हामीलाई क्षमा गर्दैनौ र दया गर्दैनौ भने निश्चिय नै हामी घाटा पाउने मध्येका भैहाल्छौं। अल्लाहले आदेश गर्नुभयो, "तिमी सबै स्वर्गबाट तल झरिहाल। तिमीहरू एक अर्काको शत्रु भयौ र तिम्रो लागि एक निश्चित समयको लागि पृथ्वीमा बास र जीवनको लागि सामग्रीको व्यवस्था गरिएको छ।" अरु आदेश भयो कि, "तिमीले त्यहीं जिन्दगी गुजार्नु र मर्नु पर्नेछ र त्यसैबाट पूनः (जीवित गराई) निकालिने छौ। ( सूरतुल् अअ्राफ ११-२५ )

अर्थात अल्लाह शैतान इब्लीसलाई पथ भ्रमित गर्ने र सबैको हृदयमा संकोच उत्पन्न गर्ने क्षमता दियो, र प्रलय सम्मको समय (छूट) पनि प्रदान गऱ्यो, र भन्योः कि मेरो सदाचारी भक्तहरूमाथि तिम्रो कुनै वश लाग्ने छैन। फेरि अल्लाहले आदमबाट उहाँकी श्रीमती हव्वालाई अविष्कार गरी उहाँलाई संतुष्टि प्रदान गर्ने माध्यम बनायो। र दुवैलाई आदेश गऱ्योकि यस स्वर्गमा बसोबास गर र यसका समस्त अनुग्रहबाट लाभान्वित होऊ। र अल्लाहले दुवैलाई इब्लीसबाट सावधान गऱ्यो, र यो

जानकारी गरायो कि इब्लीस तिमीहरूको खुल्लारूपमा शत्रु हो । र यो जानकारी पनि गरायो कि त्यो तिमीहरूलाई पथ भ्रमित गर्नुको लागि अवश्य आउने छ तसर्थ त्यसको अनुशरण नगर्नु, र यस रुखबाट केही नखानु ।

तर इब्लीसले उनीहरूलाई फकाएर त्यस वर्जित रुखबाट खुवाई हाल्यो, र जसकुराबाट अल्लाहले उनीहरूलाई मनाही गरेको थियो त्यो नै गराई हाल्यो । अनि दुवैलाई पश्चाताप र पछुतो लाग्यो । अनि दुवैजना अल्लाहसित क्षमायाचना गर्न थाले, र अल्लाहसित प्रार्थना गरे, त अल्लाहले उनीहरूलाई क्षमा गऱ्यो, र आदेश गऱ्यो कि तिमी दुवै अब स्वर्गबाट पृथ्वीतिर झरिहाल, र त्यहीँ नै आफ्नो बाँकी जीवन व्यतीत गर ।

अनि दुवै यस संसारमा जीवन व्यतीत गर्ने बाध्य भए । यसरी मानवजातिको यस संसारमा अविष्कार भयो । आज जतिपनि मान्छेहरू यस संसारमा छन् उनी दुवैका नै सन्तति हुन् ।

र जुन दिनदेखि आदम र उहाँकी स्वास्नी हव्वा यस पृथ्वीमा बसोबास गर्न थाले त्यसै समयदेखि आदमको सन्तति र इब्लीसको सन्तति बीच शत्रुता चली आएको छ ।

इब्लीसका चेलाहरू हामीलाई फकाई कुबाटोमा लगाउने प्रयासमा व्यस्त छन्, र हामीलाई पनि आफू झैं तिरस्कृत गराउने प्रयत्नमा छन् । र कतिपयजनालाई फकाई नर्कीय मध्येका बनाइदिन्छन् । तर अल्लाहले हामीलाई सुमार्गमा लगाउनका लागि र अल्लाहको सत्य बाटोको दर्शन गराउनको लागि पटक पटक सन्देष्टाहरू पनि अवतरित गर्दै आएको छ, र उनीलाई आफ्नो ग्रन्थ दिई त्यसको माध्यमले हामीलाई आदेश दिदैरह्यो कि हाम्रा नबी सन्देष्टाहरूको अनुशरण गर यो नै अल्लाहको सत्य र सोझो बाटो र मार्ग हो । र जुन बाटोतर्फ शैतान बोलाउँछ त्यो नर्कीयहरूको बाटो हो । यसरी मानव जातिको आरम्भ भएको थियो ।

आदमको सन्तति लगभग २० शताब्दी सम्म अल्लाहको अनुशरण गर्दै रहे, र एकेश्वरवादमा सुदृढ रहे । तर २० शताब्दी पश्चात बहुदेववादीहरूको संख्या बढदै गयो, त अल्लाहले आफ्नो प्रथम सन्देष्टा हजरत नूहलाई पठायो जुन लगभग ९५० वर्ष सम्म आफ्नो जातिबन्धुलाई एकेश्वरवाद तर्फ आव्हान गर्दै रहे, तर केही मान्छे बाहेक सबैले

उहाँको आमन्त्रणलाई अस्वीकार गरे । अनि अल्लाहले उनीहरू माथि भयंकर प्रकोप अवतरित गऱ्यो र सबै अनास्थावानहरूलाई नष्ट गरिदियो ।

तत पश्चात सनदेष्टा र दूतहरू आँउदै गरे र यसै क्रममा इब्राहीम, इस्माईल, यअ्कूब, यूसुफ, दाऊद, मूसा, ईसा ... आदि अलैहिमास्सलाम यस संसारमा आए । र यसै क्रमलाई निरंत्रता दिदै समस्त सन्देष्टाहरूको समापक र नायक मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम पनि आए जुन समस्त ब्रह्माण्डमा बस्ने समस्त जीवधारीहरूको लागि सन्देष्टा बनाइएर पठाइए । र जुन ग्रन्थ उहाँलाई प्रदान गरियो त्यो यस संसारको लागि अन्तिम संविधान बनाएर पठाइयो र जसलाई हामी पवित्र कुरआनको नामले जान्दछौं ।

यस ग्रन्थद्वारा अल्लाहले हामीलाई यो सन्देश दियो कि अब यस ग्रन्थ र रसूलपछि नत कुनै रसूल आउने छ नत कुनै ग्रन्थ । यो समस्त प्राणीहरूको लागि अन्तिम पद्धति हो, र इस्लाम अल्लाहको अन्तिम धर्म हो । यस बाहेक अल्लाह कुनै धर्मलाई स्वीकार गर्ने छैनन् । त जसलाई पनि स्वर्ग चाहिन्छ त त्यसलाई यसै

ग्रन्थ र रसूलको अनुशरण गर्दै धर्म इस्लाम बमोजिम कर्म गर्नु पर्छ । र जसले पनि यसको अनुशरण गर्नुबाट अट्टेरीपना गर्छ त्यो नर्कीय मध्येको हुनेछ, र त्यो इब्लीसको चेलाहरू मध्येको भएर नर्कमा त्यसैको साथ हालिने छ ।

## अनुशरणको परिभाषा

अनुशरण: इस्लामीय विधानानुसार जसको कुरो हाम्रो लागि प्रमाण होस् उनको कुराहरूलाई मान्नुलाई नै अनुशरण भनिन्छ । अर्थात: अल्लाह र अल्लाहका रसूल र उम्मतको सहमतिले भनिएको कुरोलाई स्वीकार गर्नु नै अनुशरण हो । किनकि इस्लामीय विधानानुसार कुरआन र हदीस एवं उम्मतको सहमति बाहेक कुनै अरु यस्तो कुरो छैन जसलाई सर्व सहमतिले उम्मतले प्रमाण ठानेका हुन् । त प्रष्ट यो भयो कि उपरोक्तका तीन बाहेक अरु कसैको अनुशरण गर्नु वर्जित र हराम छ ।

अब कुनै मान्छे यो भन्न सक्छ कि हामी हाकिम, विद्वान मुलवी.. आदिको कथन पनि मान्दछौं, त यसलाई के भनौं ?

त यसको जवाफ यो हो कि यदि हाकिमको हुकुम अल्लाहको कथन अनुकूल छ वा त्यसैमा निर्भर छ भने हामी अल्लाहको अनुशरण गरिरहेका छौं नकि त्यस हाकिमको । तर यदि हाकिमको हुकुम वा कुनै निर्देशन अल्लाहको हुकुम र निर्देशन विपरीत वा विरोधी छ भने हाकिमको हुकुम अमान्य छ त्यसको हुकुमलाई मान्नु हराम छ बरु अल्लाहको

अनुशरण गर्नु नै जरुरी छ। रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : "अल्लाहको अवज्ञाको कार्यमा कुनै सृष्टिको अनुशरण गर्नु जायज छैन " त चाहे विद्वान होस् वा कुनै हाकिम कसैको कुरो हाम्रो लागि नत अनुशरण योग्य छ नत त्यसको कुरो हाम्रो लागि प्रमाण हो।

र आर्को कुरो के छ भने इस्लामले हामीलाई हाकिमको यस्तो कुराहरूको पालना गर्ने आदेश गरेको छ जुन कुरो कुरआन र हदीस अर्थात अल्लाह र अल्लाहका रसूलको कथन अनुकूल होस् त्यसको विरोधी नहोस्। र हाकिम बाहेक जुन सुकैको कुरो कुरआन र हदीसको प्रमाण बिना मान्नु वा त्यसको पालना गर्नु जायज छैन। तर यदि त्यो मान्छे आफ्नो कुरालाई सिद्ध गर्नुको लागि अल्लाहको कथन वा रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथनबाट प्रमाण प्रस्तुत गर्छ वा उम्मतको सहमतिबाट प्रमाण दिनछ भने हामी त्यस मान्छेको कुरोलाई सत्य ठान्छौं तर अनुशरण प्रमाणको नै गर्छौं त्यस मान्छेको होइन जसले त्यो प्रमाण प्रस्तुत गरेको छ।

र अनुशरणको बारेमा हदीसका विद्वान अबू दाऊदको कथन छः अल्लाहका रसूल मुहम्मदले जेपनि भनेका छन् त्यो सबैको र जुन उहाँका सहाबाहरूले वर्णन गरेका छन् । अर्थात कुरआन र हदीसको अनुशरण गर्नु अनिवार्य छ । र यस कुराको प्रमाणको लागि निम्नका श्लोकहरूलाई हेर्नुस् !

﴿ ٱتَّبِعُواْ مَآ أُنزِلَ إِلَيۡكُم مِّن رَّبِّكُمۡ وَلَا تَتَّبِعُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَۗ قَلِيلٗا مَّا تَذَكَّرُونَ ٣ ﴾ الأعراف: ٣

अर्थ : (मानिसहरू ! ) जुन किताब तिमीमाथि तिम्रो पालनकर्ताबाट उतारिएको छ त्यसको अनुशरण गर र आफ्नो रबलाई छोडेर अरु मनगढन्ते अगुवाहरूको अनुशरण नगर । अतः तिमीहरू एकदमथोरै उपदेश स्वीकार गर्दछौ । ( सूरतुल् अअ्राफ ३ )

﴿ وَٱتَّبِعُوٓاْ أَحۡسَنَ مَآ أُنزِلَ إِلَيۡكُم مِّن رَّبِّكُم مِّن قَبۡلِ أَن يَأۡتِيَكُمُ ٱلۡعَذَابُ بَغۡتَةٗ وَأَنتُمۡ لَا تَشۡعُرُونَ ٥٥ ﴾ الزمر: ٥٥

अर्थ : र यसभन्दा पहिला कि तिमीमाथि एक्कासी यातना आओस् र तिमीलाई थाहा

पनि नहोस्, त्यस सर्वोत्तम कुराको अनुशरण गर जुन कि तिम्रो पालनकर्ताको तर्फबाट तिम्रो लागि अवतरित भएको छ। ( सूरतुज्जुमर ५५ )

﴿ وَإِذَا لَمْ تَأْتِهِم بِـَٔايَةٍ قَالُواْ لَوْلَا ٱجْتَبَيْتَهَا ۚ قُلْ إِنَّمَآ أَتَّبِعُ مَا يُوحَىٰٓ إِلَىَّ مِن رَّبِّى ۚ هَـٰذَا بَصَآئِرُ مِن رَّبِّكُمْ وَهُدًى وَرَحْمَةٌ لِّقَوْمٍ يُؤْمِنُونَ ﴿٢٠٣﴾ ﴾ الأعراف: ٢٠٣

अर्थ : जब तपाईले कुनै चमत्कार उनीहरू समक्ष ल्याउनुहुन्न तब उनीहरूले भन्छन्: कि "तपाईले स्वयं यो चमत्कार किन ल्याउनु भएन" ? तपाईले भनिदिनुस्: कि म त त्यही कुराको पालन गर्दछु जुन आदेश मेरो पालनकर्ताले पठाएको छ। यी तपाईको पालनकर्ताको तर्फबाट प्रमाण हुन्,र ईमानवालाहरूको लागि मार्गदर्शन र दया हो। ( सूरतुल् अअ्राफ २०३ )

﴿ وَإِذَا تُتْلَىٰ عَلَيْهِمْ ءَايَاتُنَا بَيِّنَـٰتٍ ۙ قَالَ ٱلَّذِينَ لَا يَرْجُونَ لِقَآءَنَا ٱئْتِ بِقُرْءَانٍ غَيْرِ هَـٰذَآ أَوْ بَدِّلْهُ ۚ قُلْ مَا يَكُونُ لِىٓ أَنْ أُبَدِّلَهُۥ مِن تِلْقَآئِ نَفْسِىٓ ۖ إِنْ أَتَّبِعُ إِلَّا مَا

يُوحَىٰٓ إِلَىَّۖ إِنِّيٓ أَخَافُ إِنۡ عَصَيۡتُ رَبِّي عَذَابَ يَوۡمٍ عَظِيمٖ ﴿١٥﴾ يونس: ١٥

अर्थ : र जब तिनीहरूलाई हाम्रा आयतहरू पढेर सुनाइन्छ, जुन बिल्कुल स्पष्ट छन् त जसलाई हामीसँग साक्षात्कारको विश्वास छैन, तिनीहरूले भन्दछन्: कि यस बाहेक अरु कुनै कुरआन (बनाएर) ल्याउनुस् वा यसलाई परिवर्तित गरिहाल्नुस् । तपाई भनिदिनुस् कि मलाई आफ्नो तर्फबाट यसमा परिवर्तन गर्ने अधिकार छैन। म त, त्यही आदेशको पालन गर्दछु जुनकि मलाई उहाँ मार्फत पठाईन्छ। यदि मैले आफ्नो पालनकर्ताको आदेश उल्लंघन गर्ने भए मलाई ठूलो दिनको सजायको भय छ। ( सूरतु यूनुस १५ )

﴿ وَهَٰذَا كِتَٰبٌ أَنزَلۡنَٰهُ مُبَارَكٞ فَٱتَّبِعُوهُ وَٱتَّقُواْ لَعَلَّكُمۡ تُرۡحَمُونَ ﴿١٥٥﴾ الأنعام: ١٥٥

अर्थ : र यो किताब (कुरआन) हामीले उतारेका हौं, भलाई र वरदानको रूपमा तसर्थ यसको अनुशरण गर र डर मान जसबाट तिमीमाथि दया गरियोस्। ( सूरतुल् अन्आम १५५ )

﴿ ٱتَّبِعۡ مَآ أُوحِيَ إِلَيۡكَ مِن رَّبِّكَۖ لَآ إِلَٰهَ إِلَّا هُوَۖ وَأَعۡرِضۡ عَنِ ٱلۡمُشۡرِكِينَ ١٠٦ ﴾ الأنعام: ١٠٦

अर्थ : जुन आदेश तपाईको पालनकर्ताबाट तपाईलाई आउँछ, त्यसको पालन गर्नेगर र पालनकर्ता (अल्लाह) बाहेक अरु कोही सत्य पूजनीय छैन र मुश्रिकहरूबाट पन्छिने गर्नु । ( सूरतुल् अन्आम १०६ )

﴿ قُلۡ مَا كُنتُ بِدۡعٗا مِّنَ ٱلرُّسُلِ وَمَآ أَدۡرِي مَا يُفۡعَلُ بِي وَلَا بِكُمۡۖ إِنۡ أَتَّبِعُ إِلَّا مَا يُوحَىٰٓ إِلَيَّ وَمَآ أَنَا۠ إِلَّا نَذِيرٞ مُّبِينٞ ٩ ﴾ الأحقاف: ٩

अअर्थ : (हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम) भनिदिनुस् ! कि "म कुनै एकदम अनौठो रसूल आएको होइन । र मलाई थाहा छैन कि मसँग र तिमीसंग के गरिनेछ म त उसको मात्र पैरवी गर्दछु, जुन म तिर वह्य पठाइन्छ र म त खुल्लम खुल्ला सावधान गर्नेवाला हूँ ।" ( सूरतुल् अहकाफ ९ )

यो सबै श्लोकहरूबाट यो स्पष्ट हुन्छ कि वह्य अर्थात अल्लाहको प्रकाशनाको अनुशरण गर्नु नै अनिवार्य छ, र कसैको पनि तकलीद जायज छैन ।

## अनुशरण किन र कसको ?

अनुशरण किन गर्नु पऱ्यो ? यस प्रश्नको उत्तर यो हो कि समस्त प्राणीहरूलाई जीवनमा विभिन्न प्रकारको समस्या आउँछ र त्यो समस्याको समाधानको लागि त्यस समस्यालाई उतपन्न गर्ने स्रष्टाभन्दा उत्तम को हुन् सक्छर ? जसले समस्त समस्याहरूलाई उत्पन्न गरेको छ र त्यसको अविष्कारी पनि हो । तसर्थ त्यसको अवज्ञा गरेमा त्यो हाम्रो समस्याको समाधान कसरी गर्नेछ, तर यदि हामी त्यसको अनुशरण गर्ने छौं भने त्यो हाम्रो समस्त समस्याहरूको समाधान अवश्य गर्ने छ, र यसै कारण त्यसको अनुशरण गर्नु अति आवश्यक छ यो नै सबै समस्याको उपचार हो ।

यस्तै जब तपाई अल्लाह र अल्लाहका सन्देष्टा मुहम्मद माथि आस्था राख्नु हुनेछ भने अल्लाह र उसको रसूलको अनुशरण त गर्नै पर्छ यदि उहाँहरूको अनुशरण गर्नुहुन्न भने तपाई सत्य आस्थावान हुनुहुन्न बरु तपाई कपटीहरू मध्येका हुनुहुन्छ ।

यस्तै आफ्नो सृष्टाको अनुशरण गर्नु हाम्रो परम् कर्तव्य हो । अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱعۡبُدُواْ رَبَّكُمُ ٱلَّذِي خَلَقَكُمۡ وَٱلَّذِينَ مِن
قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ٢١ ٱلَّذِي جَعَلَ لَكُمُ ٱلۡأَرۡضَ
فِرَٰشٗا وَٱلسَّمَآءَ بِنَآءٗ وَأَنزَلَ مِنَ ٱلسَّمَآءِ مَآءٗ فَأَخۡرَجَ بِهِۦ مِنَ
ٱلثَّمَرَٰتِ رِزۡقٗا لَّكُمۡۖ فَلَا تَجۡعَلُواْ لِلَّهِ أَندَادٗا وَأَنتُمۡ
تَعۡلَمُونَ ٢٢ وَإِن كُنتُمۡ فِي رَيۡبٖ مِّمَّا نَزَّلۡنَا عَلَىٰ عَبۡدِنَا
فَأۡتُواْ بِسُورَةٖ مِّن مِّثۡلِهِۦ وَٱدۡعُواْ شُهَدَآءَكُم مِّن دُونِ ٱللَّهِ
إِن كُنتُمۡ صَٰدِقِينَ ٢٣ فَإِن لَّمۡ تَفۡعَلُواْ وَلَن تَفۡعَلُواْ فَٱتَّقُواْ
ٱلنَّارَ ٱلَّتِي وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُۖ أُعِدَّتۡ لِلۡكَٰفِرِينَ ٢٤
وَبَشِّرِ ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ أَنَّ لَهُمۡ جَنَّٰتٖ
تَجۡرِي مِن تَحۡتِهَا ٱلۡأَنۡهَٰرُۖ كُلَّمَا رُزِقُواْ مِنۡهَا مِن ثَمَرَةٖ
رِّزۡقٗا قَالُواْ هَٰذَا ٱلَّذِي رُزِقۡنَا مِن قَبۡلُۖ وَأُتُواْ بِهِۦ مُتَشَٰبِهٗاۖ
وَلَهُمۡ فِيهَآ أَزۡوَٰجٞ مُّطَهَّرَةٞۖ وَهُمۡ فِيهَا خَٰلِدُونَ ٢٥

﴾ البقرة: ٢١ - ٢٥

अर्थ : हे मानिसहरू! आफ्नो पालनकर्ताको उपासना गर जसले तिमी र तिमीभन्दा

पहिलाका मानिसहरूको सृष्टि गऱ्यो ताकि तिमीहरू सदाचारी बन्न सक । जसले तिम्रो लागि पृथ्वीलाई ओछ्यान र आकाशलाई छत बनायो र आकाशबाट वर्षा गराएर त्यस द्वारा तिम्रो आहारको निम्ति थरि-थरिका फल-फूल उत्पादन गऱ्यो । खबरदार ! जानी-जानी कसैलाई अल्लाहको साझेदार नबनाऊ । हामीले आफ्ना सेवकमाथि जे उताऱ्यौं, त्यसमा तिमीलाई यदि शंका छ र तिमी साँचो भए त्यस्तै एउटै (सूरह) बनाएर देखाऊ, र तिमीले अल्लाह बाहेकका आफूलाई मद्दत गर्नेहरूलाई बोलाई ल्याऊ । तर यदि तिमी गर्न सकेनौं भने र तिमी कहिल्यै पनि गर्न सक्दैनौं (तसर्थ) त्यस आगोसंग डराउ जसको इन्धन मानिस र ढुङ्गाहरू हुन् । जुन नास्तिकहरूका लागि तयार गरिएको हो । र, आस्था राख्ने र असल काम गर्ने मानिसहरूलाई स्वर्गको शुभ समाचार दिनु जसमुनि नहरहरू बगी राखेका छन् । जब तिनीहरूलाई फलको आहार दिइने छ । जब त तिनले भन्नेछन्, यी त तिनै हुन् जुन हामीलाई पहिला दिइएको थियो । ती मिल्दो जुल्दो फल हुनेछन् र त्यहाँ तिनीहरूका लागि पाक-पवित्र

पत्नीहरू हुनेछिन् र तिनीहरू सधैं त्यहीं बस्नेछन् । ( सूरतुल् बकर: २१-२५ )
र यस्तै अल्लाहले समस्त ब्रह्माण्डलाई आव्हान गर्दै भनेछ कि हे ब्रह्माण्डमा भएका समस्त सृष्टिहरू मेरो अनुशरण र पूजा गर ताकि मेरो प्रकोप र नर्कको आगोबाट बाँच्न सक । अल्लाहले हाम्रो सफलतालाई आफ्नो अनुशरणबाट संलग्न गरिदिएको छ । यदि हामीलाई सफलता चाहिन्छ त अनुशरण त गर्नै पर्छ । जस्तोकि एउटा चिकित्सक अथवा डाक्टर यदि तपाईलाई तपाईको विरामीको लागि कुनै औसधि प्रयोग गर्नुको लागि दिन्छ त के तपाई आफ्नो स्वास्थ्यको लागि त्यसलाई खानु हुन्न ? अवश्य खानुहुन्छ । किनकि तपाईलाई आफ्नो स्वास्थ्य अति प्रिय छ ।
त्यस्तै यदि तपाईलाई लोक परलोकमा सुख शान्ति र सफलता चाहिन्छ भने अल्लाह र अल्लाहका रसूलको अनुशरण अवश्य गर्नुपर्छ । अल्लाहको फर्मान छ :

﴿ وَمَا كَانَ لِمُؤْمِنٍ وَلَا مُؤْمِنَةٍ إِذَا قَضَى ٱللَّهُ وَرَسُولُهُۥٓ أَمْرًا
أَن يَكُونَ لَهُمُ ٱلْخِيَرَةُ مِنْ أَمْرِهِمْ ۗ وَمَن يَعْصِ ٱللَّهَ وَرَسُولَهُۥ فَقَدْ
ضَلَّ ضَلَٰلًا مُّبِينًا ﴿٣٦﴾ ﴾ الأحزاب: ٣٦

अर्थ : र हेर कुनै मोमिन् पुरुष र मोमिन स्त्रीलाई जब अल्लाहले र उसका रसूलले कुनै कुराको फैसला निर्धारित गरिदिन्छन्, त उनीहरूको यस काममा अन्यथा केही हक बाँकी रहँदैन। जोसुकैले अल्लाह र उसको रसूलको अवज्ञा गर्नेछ, त्यो स्पष्टरूपले मार्ग विचलित भइहाल्यो। ( सूरतुल् अहजाब ३६ )

﴿ بَلْ تُؤْثِرُونَ ٱلْحَيَوٰةَ ٱلدُّنْيَا ﴿١٦﴾ وَٱلْءَاخِرَةُ خَيْرٌ وَأَبْقَىٰٓ ﴿١٧﴾
﴾ الأعلى: ١٦ - ١٧

अर्थ : तर तिमीहरूले त सांसारिक भौतिक जीवनलाई प्राथमिकता दिन्छौ । जब कि आखिरत धेरै उत्तम र शेष रहनेवाला छ। ( सूरतुल् अअ्ला १६-१७ )

र अल्लाहको अनुशरण गर्नु नै प्रत्येक समस्याको समाधान हो, र लोक परलोकको भलाई यसैमा नीहित छ, र समस्त संसारको सुख शान्ति पनि। अल्लाहको भनाई छ :

﴿ مَنْ عَمِلَ صَٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً ۖ وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُوا۟ يَعْمَلُونَ ﴿٩٧﴾ ﴾ النحل: ٩٧

अर्थ : जुन व्यक्तिले सत्कर्म गर्दछ, पुरुष होस् वा स्त्री, र त्यो मोमिन पनि छ, त हामीले उसलाई (संसारमा) पवित्र (र) आरामको जीवन प्रदान गर्नेछौं र (आखिरतमा) तिनीहरूको राम्रो कार्यको अत्यन्त राम्रो बदला पनि अवश्य नै दिनेछौं । ( सूरतुन्नहल ९७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱسْتَجِيبُوا۟ لِلَّهِ وَلِلرَّسُولِ إِذَا دَعَاكُمْ لِمَا يُحْيِيكُمْ ۖ وَٱعْلَمُوٓا۟ أَنَّ ٱللَّهَ يَحُولُ بَيْنَ ٱلْمَرْءِ وَقَلْبِهِۦ وَأَنَّهُۥٓ إِلَيْهِ تُحْشَرُونَ ﴿٢٤﴾ ﴾ الأنفال: ٢٤

अर्थ : हे ईमानवालाहरू ! तिमीले अल्लाह र रसूलको आदेश मान, जबकि रसूलले तिमीलाई त्यस कुरातिर बोलाउन्छन्, जसले तिमीलाई जीवन प्रदान गर्नेछ र जानीराख कि अल्लाह मानिस र उसको हृदयको बीचमा आड बन्ने

गर्दछ । र निःसन्देह तिमी सबै अल्लाहकै पासमा एकत्रित हुनेछौ । (सूरतुल् अन्फाल २४ )

त हामीलाई यो कुरो थाहा भयोकि अनुशरण गर्नु नै शान्तिको सत्य स्वाद दिन्छ । र यो पनि ज्ञान भयोकि अनुशरण पनि अल्लाह र त्यसको अन्तिम रसूल मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको गर्नुपर्छ, अरु कसैको अनुशरण वैध छैन । जस्तोकि उपरोक्तका कुरआनी आयतहरू (श्लोकहरू)बाट प्रमाणित भयो । र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ وَأُوْلِي ٱلۡأَمۡرِ مِنكُمۡۖ فَإِن تَنَٰزَعۡتُمۡ فِي شَيۡءٖ فَرُدُّوهُ إِلَى ٱللَّهِ وَٱلرَّسُولِ إِن كُنتُمۡ تُؤۡمِنُونَ بِٱللَّهِ وَٱلۡيَوۡمِ ٱلۡأٓخِرِۚ ذَٰلِكَ خَيۡرٞ وَأَحۡسَنُ تَأۡوِيلًا ٥٩ ﴾

النساء: ٥٩

अर्थ : हे मोमिनहरू ! अल्लाहको आदेश पालन गर र उसका रसूल(स.)का आदेशहरूको पालन गर र तिमीहरूमध्ये अधिकार भएकाहरूको । फेरि यदि तिमीहरूमा आपसी मतभेद भएको अवस्थामा, यदि तिमी अल्लाह र आखिरतको

दिनमाथि ईमान राख्दछौ भने त्यस कुरालाई अल्लाह र त्यसका रसूल तिर फर्काइ देऊ । यो साह्रै राम्रो कुरा हो र यसको परिणाम पनि राम्रो हुन्छ । ( सूरतुन्निसा ५९ )
र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ۞ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ وَلَا تُبۡطِلُوٓاْ أَعۡمَٰلَكُمۡ ٣٣ ﴾ محمد: ٣٣

अर्थ : हे ईमानवालाहरू ! अल्लाहको आज्ञापालन गर, र रसूलले भनेको मान र आफ्ना कर्महरूलाई नष्ट नपार । ( सूरतु मुहम्मद ३३ )
यसले गर्दा हामीमाथि यो अनिवार्य भइहाल्छ कि हामी अल्लाह र अल्लाहका रसूलको नै अनुशरण गरौं, र त्यो व्यक्तिको कुरोलाई सत्य ठानौं जसको कुरो अल्लाह र अल्लाहका रसूलको कथन अनुकूल होस् ।
त अनुशरण मात्र अल्लाह र अल्लाहका रसूलको नै गर्नु उचित हो । र यसैकुरालाई अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा विभिन्न श्लोकहरूमा स्पष्ट पार्नु भएको छ उदाहरणको लागि केहीलाई तपाई पनि हेर्नुहोस् !

﴿ وَإِذۡ أَخَذَ ٱللَّهُ مِيثَٰقَ ٱلنَّبِيِّـۧنَ لَمَآ ءَاتَيۡتُكُم مِّن
كِتَٰبٖ وَحِكۡمَةٖ ثُمَّ جَآءَكُمۡ رَسُولٞ مُّصَدِّقٞ لِّمَا مَعَكُمۡ
لَتُؤۡمِنُنَّ بِهِۦ وَلَتَنصُرُنَّهُۥۚ قَالَ ءَأَقۡرَرۡتُمۡ وَأَخَذۡتُمۡ عَلَىٰ ذَٰلِكُمۡ
إِصۡرِيۖ قَالُوٓاْ أَقۡرَرۡنَاۚ قَالَ فَٱشۡهَدُواْ وَأَنَا۠ مَعَكُم مِّنَ ٱلشَّٰهِدِينَ
٨١ ﴾ آل عمران: ٨١

अर्थ : जब अल्लाहले पैगम्बरहरूसँग वाचा गरायो कि जे जति मैल तिमीलाई किताब र ज्ञान प्रदान गर्दछु, अनि तिम्रो नजिकमा कुनै पैगम्बर आउँछ जसले तिम्रो किताबको पुष्टि गर्दछ त तिमीले अवश्य नै त्यसमाथि विश्वास गर्नुपर्दछ र उसको मद्दत गर्नुपर्ने छ । (वाचा लिएपछि) सोध्यो, के तिमीले वचन दियौ र यस वचन बद्धतामा मलाई संरक्षणको रूपमा ठहरायौ ? तिनीहरूले भने (हो) हामीले वाचा गऱ्यौ । (अल्लाहले) भन्यो तिमीहरू साक्षी भइराख र म पनि तिम्रो साथमा साक्षी रहने छु । ( सूरतु आले इम्रान ८१ )

﴿ وَأَنَّ هَٰذَا صِرَٰطِي مُسۡتَقِيمٗا فَٱتَّبِعُوهُۖ وَلَا تَتَّبِعُواْ ٱلسُّبُلَ فَتَفَرَّقَ بِكُمۡ عَن سَبِيلِهِۦۚ ذَٰلِكُمۡ وَصَّىٰكُم بِهِۦ لَعَلَّكُمۡ تَتَّقُونَ ﴿١٥٣﴾ ﴾ الأنعام: ١٥٣

अर्थ : र आदेश यो छ कि यो धर्म मेरो सोझो बाटो हो, तिमी यसैमा हिंड्नु र अन्य मार्गमा न हिंड्नु किनभने त्यसमा हिंडे अल्लाहको मार्गबाट विचलित भैहाल्नेछौं । यसको विशेष आदेश तिमीलाई अल्लाहले दिएको छ जसबाट तिमी आत्म संयमी बन्नसक । ( सूरतुल् अन्आम १५३ )

﴿ قَالَ ٱهۡبِطَا مِنۡهَا جَمِيعَۢاۖ بَعۡضُكُمۡ لِبَعۡضٍ عَدُوّٞۖ فَإِمَّا يَأۡتِيَنَّكُم مِّنِّي هُدٗى فَمَنِ ٱتَّبَعَ هُدَايَ فَلَا يَضِلُّ وَلَا يَشۡقَىٰ ﴿١٢٣﴾ وَمَنۡ أَعۡرَضَ عَن ذِكۡرِي فَإِنَّ لَهُۥ مَعِيشَةٗ ضَنكٗا وَنَحۡشُرُهُۥ يَوۡمَ ٱلۡقِيَٰمَةِ أَعۡمَىٰ ﴿١٢٤﴾ ﴾ طه: ١٢٣ - ١٢٤

अर्थ : आदेश भयो तिमी दुवै यहाँबाट तल झर । तिमी आपसमा एक अर्काको शत्रु हौ । अब जहिले पनि मेरो तर्फबाट मार्गदर्शन जाने छ तब जसले मेरो मार्गदर्शनको अनुपालन

गर्दछ। ऊ नत पथभ्रष्ट हुनेछ र न कष्टमा पर्नेछ। र जसले मेरो स्मृतिबाट बिमुख हुनेछ त्यसको जीवन कष्टमय हुनेछ र कियामतको दिन त्यसलाई हामीले अन्धा बनाएर उठाउने छौं। ( सूरतु ताहा १२३,१२४ )

﴿ ٱلَّذِينَ يَتَّبِعُونَ ٱلرَّسُولَ ٱلنَّبِيَّ ٱلۡأُمِّيَّ ٱلَّذِي يَجِدُونَهُۥ مَكۡتُوبًا عِندَهُمۡ فِي ٱلتَّوۡرَىٰةِ وَٱلۡإِنجِيلِ يَأۡمُرُهُم بِٱلۡمَعۡرُوفِ وَيَنۡهَىٰهُمۡ عَنِ ٱلۡمُنكَرِ وَيُحِلُّ لَهُمُ ٱلطَّيِّبَٰتِ وَيُحَرِّمُ عَلَيۡهِمُ ٱلۡخَبَٰٓئِثَ وَيَضَعُ عَنۡهُمۡ إِصۡرَهُمۡ وَٱلۡأَغۡلَٰلَ ٱلَّتِي كَانَتۡ عَلَيۡهِمۡۚ فَٱلَّذِينَ ءَامَنُواْ بِهِۦ وَعَزَّرُوهُ وَنَصَرُوهُ وَٱتَّبَعُواْ ٱلنُّورَ ٱلَّذِيٓ أُنزِلَ مَعَهُۥٓ أُوْلَٰٓئِكَ هُمُ ٱلۡمُفۡلِحُونَ ١٥٧ ﴾ الأعراف: ١٥٧

अर्थ : जुन मानिसहरूले यस्ता रसूल, नबी उम्मी (निरक्षर) को अनुशरण गर्छन्, जसलाई उनीहरूले आफुकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन्। उनले उनीहरूलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरूबाट मनाही गर्दछन् र स्वच्छ कुरालाई हलाल ( स्वीकार्य) बताउँछन् र अपवित्र कुरालाई हराम

(वर्जित) बताउँछन् र तिनीहीरु माथिबाट त्यो बोझ उतार्दछन् जुन अहिलेसम्म उनीहरूमाथि लादिएका थिए बन्धनहरूलाई फुक्का गर्दछन् जसमा उनीहरू जकडिएका थिए । अत : जो मानिसहरू त्यस नबीमा विश्वास गर्दछन् र उनको समर्थन गर्दछन् र उनको सहायता गर्दछन्, र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा पठाइएको छ । यस्ता मानिसहरू पूर्ण सफलता प्राप्त गर्नेवाला छन् । ( सूरतुल् अअ्राफ १५७ )

﴿ فَلَا وَرَبِّكَ لَا يُؤْمِنُونَ حَتَّىٰ يُحَكِّمُوكَ فِيمَا شَجَرَ بَيْنَهُمْ ثُمَّ لَا يَجِدُوا فِي أَنفُسِهِمْ حَرَجًا مِّمَّا قَضَيْتَ وَيُسَلِّمُوا تَسْلِيمًا ﴿٦٥﴾ ﴾ النساء: ٦٥

अर्थ : यसर्थ तिम्रो रबको शपथ लिन्छु कि, यिनीहरू जबसम्म आफ्ना सम्पूर्ण विवादमा तपाईलाई इन्साफकर्ता स्वीकार गर्दैनन् र तपाईले गरेको निर्णयप्रति हृदयमा कुनै संकुचित विचार नराखी प्रसन्नतापूर्वक त्यसलाई अंगिकार गर्दैनन्, तबसम्म मोमिन हुन सक्दैनन् । ( सूरतुन् निसा ६५ )

﴿ وَإِذْ قَالَ عِيسَى ٱبْنُ مَرْيَمَ يَٰبَنِىٓ إِسْرَٰٓءِيلَ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُم
مُّصَدِّقًا لِّمَا بَيْنَ يَدَىَّ مِنَ ٱلتَّوْرَىٰةِ وَمُبَشِّرًۢا بِرَسُولٍ يَأْتِى مِنۢ بَعْدِى ٱسْمُهُۥٓ
أَحْمَدُ ۖ فَلَمَّا جَآءَهُم بِٱلْبَيِّنَٰتِ قَالُوا۟ هَٰذَا سِحْرٌ مُّبِينٌ ﴿٦﴾ ﴾ الصف: ٦

अर्थ : र जब मरियमको छोरा ईसा(अ.)ले भनेः कि हे मेरो क़ौम। बनी इस्राईल ! म तिमी सबैको लागि अल्लाहबाट पठाइएको रसूल हूँ। म भन्दा पहिलेको किताब तौरातको म प्रमाणित गर्नेवाला छु र म पछि आउने एउटा संदेष्टा जसको नाम अहमद हुनेछ, उनको शुभागमनको शुभसन्देश सुनाउँछु । अनि जब उनी तिनीहरूको पासमा स्पष्ट निशानीहरू लिएर आए, तब तिनीहरूले भन्न थाले कि यो त स्पष्ट जादू हो। ( सूरतुस्सफ्फ ६ )

त यो सबै श्लोकहरू यस कुरालाई प्रमाणित गर्छन् कि अनुशरण मात्र अल्लाह र अल्लाहका सन्देष्टाहरूको गर्नु नै जायज एवं प्रयाप्त छ। र यसैको मान्यता प्रलयको दिन हुनेछ, र अल्लाह र अल्लाहका रसूलको अज्ञाकारी नै स्वर्गवासी हुनेछन्।

## अनुशरणका लाभहरू

भक्त जब आफ्नो पालनकर्ताको अनुशरण गर्छ तब अल्लाह त्यसको लागि आफ्नो अनुग्रहको मुहान खोलिदिन्छ, र त्यसको समस्त समस्याको समाधान गरिदिन्छ । निम्नमा अल्लाह र अल्लाहका रसूलको अनुशरणका केही लाभहरू वर्णन गर्दछु ।

**सुख शान्ति र सन्तुष्टिः** अल्लाहको अनुशरण गरे पश्चात भक्तको जीवन आनन्दमय भइहाल्छ, र मरणोपरान्त पनि सुख र शान्ति मिल्नेछ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَٱلَّذِينَ هَاجَرُوا۟ فِى ٱللَّهِ مِنۢ بَعْدِ مَا ظُلِمُوا۟ لَنُبَوِّئَنَّهُمْ فِى ٱلدُّنْيَا حَسَنَةً ۖ وَلَأَجْرُ ٱلْـَٔاخِرَةِ أَكْبَرُ ۚ لَوْ كَانُوا۟ يَعْلَمُونَ ﴿٤١﴾ ﴾ النحل: ٤١

अर्थ : र जुन मानिसहरूले अत्याचार सहेपछि अल्लाहको बाटोमा घरद्वार छाड़े, हामीले तिनीहरूलाई संसारमा राम्रो भन्दा राम्रो घर दिनेछौं, र आखिरतको पुरस्कार त निकै ठूलो छ। तर काश ! तिनीहरूले बुभ्मदथे। ( सूरतुन्नहल ४१ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ مَنْ عَمِلَ صَٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً ۖ وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُوا۟ يَعْمَلُونَ ﴿٩٧﴾ ﴾ النحل: ٩٧

अर्थ : जुन व्यक्तिले सत्कर्म गर्दछ, पुरुष होस् वा स्त्री, र त्यो मोमिन पनि छ, त हामीले उसलाई (संसारमा) पवित्र (र) आरामको जीवन प्रदान गर्नेछौं र (आखिरतमा) तिनीहरूको राम्रो कार्यको अत्यन्त राम्रो बदला पनि अवश्य नै दिनेछौं । ( सूरतुन्नहल ९७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَأَنِ ٱسْتَغْفِرُوا۟ رَبَّكُمْ ثُمَّ تُوبُوٓا۟ إِلَيْهِ يُمَتِّعْكُم مَّتَٰعًا حَسَنًا إِلَىٰٓ أَجَلٍ مُّسَمًّى وَيُؤْتِ كُلَّ ذِى فَضْلٍ فَضْلَهُۥ ۖ وَإِن تَوَلَّوْا۟ فَإِنِّىٓ أَخَافُ عَلَيْكُمْ عَذَابَ يَوْمٍ كَبِيرٍ ﴿٣﴾ ﴾ هود: ٣

अर्थ : र यो कि आफ्नो पालनकर्तासित क्षमा याचना गर र उसैको साम् प्रायश्चित गर, उसले तिमीलाई एक निश्चित समयसम्म राम्रो जिन्दगी दिनेछ, र धेरै पुण्य गर्नेहरूलाई बढी प्रतिफल दिनेछ । र यदि तिमी विमुख हुन्छौ

भने मलाई तिम्रो बारेमा क़ियामतको सजायको भय छ । ( सूरतु हूद ३ )
र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ قُلۡ يَٰعِبَادِ ٱلَّذِينَ ءَامَنُواْ ٱتَّقُواْ رَبَّكُمۡۚ لِلَّذِينَ أَحۡسَنُواْ فِي هَٰذِهِ ٱلدُّنۡيَا حَسَنَةٞۗ وَأَرۡضُ ٱللَّهِ وَٰسِعَةٌۗ إِنَّمَا يُوَفَّى ٱلصَّٰبِرُونَ أَجۡرَهُم بِغَيۡرِ حِسَابٖ ١٠ ﴾ الزمر: ١٠

अर्थ : भनिदिनुस् कि "हे ईमानवाला सेवकहरू आफ्नो पालनकर्तासित डर । जसले संसारमा असल कर्म गरेर देखाए, उनीहरूको निम्ति राम्रो प्रतिफल छ, र अल्लाहको धरती फराकिलो छ । धैर्यवानहरूकै निम्ति पूरा पूरा अनगिन्ती पुरस्कार दिइन्छ । ( सूरतुज्जुमर १० )

**लोक परलोकमा राम्रो प्रतिफल:** जुन मान्छेले परोपकार गर्छ त्यसलाई त्यसको परोपकारको राम्रो प्रतिफल नै मिल्ने छ यस्तो आशा सबै परोपकारीहरूलाई हुन्छ । त अल्लाह पनि यस्ता व्यक्तिहरूलाई राम्रो प्रतिफल नै दिन्छ, जस्तोकि जस मान्छेले अल्लाहको अनुशरण गर्दै आफ्नो आफन्तीहरूसित राम्रो व्यवहार गर्छ, र उनीहरूलाई सहायता गर्छ, भने अल्लाह

त्यसलाई यसै संसारमा पुरस्कृत गर्दै त्यसको जीविका फराकीलो गरिदिन्छ, र त्यसको माया सबैको हृदयमा जागृत गरिदिन्छ । र परलोकमा त्यसको सम्मानको लागि जुन त्यार गरेर राखेको छ त्यसको कल्पना पनि गर्न सकिन्न । अल्लाहको फर्मान छ :

﴿ قُلْ يَٰعِبَادِ ٱلَّذِينَ ءَامَنُوا۟ ٱتَّقُوا۟ رَبَّكُمْ ۚ لِلَّذِينَ أَحْسَنُوا۟ فِى هَٰذِهِ ٱلدُّنْيَا حَسَنَةٌ ۗ وَأَرْضُ ٱللَّهِ وَٰسِعَةٌ ۗ إِنَّمَا يُوَفَّى ٱلصَّٰبِرُونَ أَجْرَهُم بِغَيْرِ حِسَابٍ ﴿١٠﴾ ﴾ الزمر: ١٠

अर्थ : भनिदिनुस् कि "हे ईमानवाला सेवकहरू आफ्नो पालनकर्तासित डर । जसले संसारमा असल कर्म गरेर देखाए, उनीहरूको निम्ति राम्रो प्रतिफल छ, र अल्लाहको धरती फराकिलो छ । धैर्यवानहरूकै निम्ति पूरा पूरा अनगिन्ती पुरस्कार दिइन्छ । ( सूरतुज्जुमर १० )

**नर्कबाट मुक्ति र स्वर्गीय हुने सफलताः**

अल्लाहको अनुशरण गर्नेहरूको लागि अल्लाहले स्वर्गको वाचा गरेका छन् र यसको शुभसन्देश रसूलहरूले सुनाएका छन्, र अवज्ञा गर्नेहरूको

लागि नर्कको यातना दिने अल्लाहको घोषणा छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ لِلَّذِينَ ٱسْتَجَابُوا۟ لِرَبِّهِمُ ٱلْحُسْنَىٰ ۚ وَٱلَّذِينَ لَمْ يَسْتَجِيبُوا۟ لَهُۥ لَوْ أَنَّ لَهُم مَّا فِى ٱلْأَرْضِ جَمِيعًا وَمِثْلَهُۥ مَعَهُۥ لَٱفْتَدَوْا۟ بِهِۦٓ ۚ أُو۟لَٰٓئِكَ لَهُمْ سُوٓءُ ٱلْحِسَابِ وَمَأْوَىٰهُمْ جَهَنَّمُ ۖ وَبِئْسَ ٱلْمِهَادُ ﴿١٨﴾ ﴾ الرعد: ١٨

अर्थ : जुन मान्छेहरूले आफ्नो पालनहारको आदेशलाई पालन गरे तिनीहरूका लागि भलो हुनेछ, र जुन मान्छेहरूले उनको आदेशलाई अवहेलना गरे, यदि उनीहरूका लागि पृथ्वीमा रहेको सबै थोक र त्यति नै अरुभए पनि त्यो सबै आफ्नो मुक्तिको सट्टामा दिन तैयार हुन्छन् । तिनीहरूका लागि नर्क ठेगाना छ । र जुन ज्यादै नराम्रो ठाउँ हो । ( सूरतुर्रअद १८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلْمُتَّقِينَ فِى جَنَّٰتٍ وَعُيُونٍ ﴿٤٥﴾ ٱدْخُلُوهَا بِسَلَٰمٍ ءَامِنِينَ ﴿٤٦﴾ وَنَزَعْنَا مَا فِى صُدُورِهِم مِّنْ غِلٍّ إِخْوَٰنًا عَلَىٰ سُرُرٍ مُّتَقَٰبِلِينَ ﴿٤٧﴾ لَا يَمَسُّهُمْ فِيهَا نَصَبٌ وَمَا هُم

مِّنۡهَا بِمُخۡرَجِينَ ۝٤٨ ۞ نَبِّئۡ عِبَادِيٓ أَنِّيٓ أَنَا ٱلۡغَفُورُ
ٱلرَّحِيمُ ۝٤٩ وَأَنَّ عَذَابِي هُوَ ٱلۡعَذَابُ ٱلۡأَلِيمُ ۝٥٠ ﴾
الحجر: ٤٥ - ٥٠

अर्थ : जो आत्मसंयमी छन्, तिनीहरू बगैंचाहरू र भरनाहरूको माभमा बस्नेछन् । (भनिनेछ कि) तिमीहरू शान्ति र सुरक्षासाथ प्रवेश गर । र तिनीहरूको हृदयमा जे जति रिस र डाह छ, त्यसलाई हामीले सफा गरिदिनेछौं, तिनीहरू भाइ-भाइको रूपमा आसनहरूमा एक अर्काको सामु बसेका हुनेछन् । तिनीहरूलाई त्यहाँ न कुनै कष्ट हुनेछ र न त तिनीहरू त्यहाँबाट कहिले निस्कासित गरिनेछन् । (हे पैगम्बर !) मेरा भक्तजनहरूलाई भनिदिनुस्: कि म बडो क्षमादाता र दयावान छुँ । र साथै यो: कि मेरो सजाय पनि धेरै कष्टदायक हुनेछ । ( सूरतुल् हिज्र ४५-५० )

**<u>याचनालाई स्वीकार्य गरिन्छ:</u>** जसले पनि अल्लाहको अनुशरण गर्छ त्यसको याचना स्वीकार गरिनछ, र त्यसलाई आफैं पुरस्कृत गरिन्छ । अल्लाहको फर्मान छ :

﴿ وَٱلَّذِينَ صَبَرُواْ ٱبْتِغَآءَ وَجْهِ رَبِّهِمْ وَأَقَامُواْ ٱلصَّلَوٰةَ وَأَنفَقُواْ
مِمَّا رَزَقْنَٰهُمْ سِرًّا وَعَلَانِيَةً وَيَدْرَءُونَ بِٱلْحَسَنَةِ ٱلسَّيِّئَةَ أُوْلَٰٓئِكَ
لَهُمْ عُقْبَى ٱلدَّارِ ﴿٢٢﴾ جَنَّٰتُ عَدْنٍ يَدْخُلُونَهَا وَمَن صَلَحَ مِنْ ءَابَآئِهِمْ
وَأَزْوَٰجِهِمْ وَذُرِّيَّٰتِهِمْ وَٱلْمَلَٰٓئِكَةُ يَدْخُلُونَ عَلَيْهِم مِّن كُلِّ بَابٍ
﴿٢٣﴾ سَلَٰمٌ عَلَيْكُم بِمَا صَبَرْتُمْ فَنِعْمَ عُقْبَى ٱلدَّارِ ﴿٢٤﴾ ﴾ الرعد:
٢٢ - ٢٤

अर्थ : र उनी आफ्नो पालनहारको सहमतिको चाहनाको पूर्तिका लागि धैर्य गर्छन, र नमाजलाई सदैव कायम राख्छन्, र जुन कुरो मैले दिइराखेको छु, त्यसलाई देखाई वा लुकाई खर्च गर्छन, र कुभलोलाई भलाईबाट फाल्छन् उनकैलागि अन्तिमका घर छन् । सधैं रहनका लागि फूलबारी, जहाँ उनी स्वयं जान्छन, र उनका पुर्खा र पत्नीहरू र सन्तानहरू मध्येबाट जुन पुण्यआत्मा होलान्, र उनको नजिक फरिश्ताहरू प्रत्येक दैलोबाट आउनेछन् । भन्ने छन: कि तिमी माथि सलामती होस्" जो तिमीहरूले धैर्य गर्नुभो र कति राम्रो प्रतिफल छ त्यो अन्तिम घर । ( सूरतुर्रअद २२-२४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌ ۖ أُجِيبُ دَعْوَةَ الدَّاعِ إِذَا دَعَانِ ۖ فَلْيَسْتَجِيبُوا لِي وَلْيُؤْمِنُوا بِي لَعَلَّهُمْ يَرْشُدُونَ ﴿١٨٦﴾ ﴾ البقرة: ١٨٦

अर्थ : (हे पैगम्बर !) जब तपाईसित मेरा भक्तहरूले मेरो बारेमा प्रश्न गरुन, तपाई तब भनि दिनुस् कि म (अल्लाह) तिम्रो धेरै नजिक छु मलाई पुकार्ने प्रत्येक व्यक्ति जहिले पुकार्दछ म स्वीकार गर्दछु । तसर्थ तिनीहरूलाई पनि यो आवश्यक छ कि मेरो आदेशलाई मानुन् र म माथि आस्था राखुन् ताकि सत्य बाटो पाउन सकुन् । (सूरतुल् बकर: १८६)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَزَكَرِيَّا إِذْ نَادَىٰ رَبَّهُ رَبِّ لَا تَذَرْنِي فَرْدًا وَأَنتَ خَيْرُ الْوَارِثِينَ ﴿٨٩﴾ فَاسْتَجَبْنَا لَهُ وَوَهَبْنَا لَهُ يَحْيَىٰ وَأَصْلَحْنَا لَهُ زَوْجَهُ ۚ إِنَّهُمْ كَانُوا يُسَارِعُونَ فِي الْخَيْرَاتِ وَيَدْعُونَنَا رَغَبًا وَرَهَبًا ۖ وَكَانُوا لَنَا خَاشِعِينَ ﴿٩٠﴾ ﴾ الأنبياء: ٨٩ - ٩٠

अर्थ : र "ज़क्रीया" (अलैहिस्सलाम) लाई सम्झ जब उनले आफ्नो पालनकर्तासित प्रार्थना गरे कि हे मेरो पालनकर्ता ! मलाई एक्लो नछाड, तिमी सबैभन्दा असल वारिस छौ। हामीले उनको पुकार प्रार्थना स्वीकार गरेर उनलाई "यह्या" ( अलैहिस्सलाम ) प्रदान गर्‍यौं र उनकी श्रीमतीलाई सन्तानको योग्य बनाइ हाल्यौं। यी भलो मानिसहरू असल कामतिर हतार गर्दथे र हामीलाई आशा र डरले पुकार्दथे र हाम्रो अगाडि याचना गर्दथे। ( सूरतुल् अम्बिया ८९,९० )

र यस जस्ता अरु फाइदाहरू छन् जसले गर्दा हामीमाथि यो अनिवार्य भइहाल्छ कि हामी अल्लाह र अल्लाहका रसूलको अनुशरण गरौं।

## अनुशरण नगर्नुका हानिहरू

अल्लाहले आफ्नो धर्म इस्लाम र आफ्नो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अवज्ञा गर्नेहरूलाई सावधान गरेको छ र यातना दिने घोषणा गरेको छ । र हामीलाई यो खबर दिएको छ कि जसले पनि अल्लाह र रसूलको अनुशरण गर्दैनन् बरु अवज्ञा गर्छन् ती मान्छेहरू कसैलाई हानि पुऱ्याउँदैनन् बरु आफैलाई हानि पुऱ्याई रहेका छन् । अल्लाहको फर्मान छ :

﴿ وَمَن لَّا يُجِبْ دَاعِيَ ٱللَّهِ فَلَيْسَ بِمُعْجِزٍ فِي ٱلْأَرْضِ وَلَيْسَ لَهُۥ مِن دُونِهِۦٓ أَوْلِيَآءُ ۚ أُو۟لَٰٓئِكَ فِي ضَلَٰلٍ مُّبِينٍ ﴿٣٢﴾ ﴾

الأحقاف: ٣٢

अर्थ : र जसले अल्लाहको आमन्त्रणकर्ताको आमन्त्रण स्वीकार गर्ने छैन त उसले धरतीमा (नियन्त्रणबाट) कतै भागेर उम्कन सक्ने छैन र अल्लाह बाहेक उसको कोही संरक्षक हुनेछैन । यस्ता मानिसहरूले खुल्लम खुल्ला मार्ग विचलनमा छन् ।" ( सूरतुल् अहकाफ ३२ )

र अल्लाहले हामीलाई खबरदार गरेको छ कि जसले पनि अनुशरण गर्नुमा संकोच गर्छन् ती

कपटीहरू र अत्याचारी मध्येका हुन् । अल्लाहको फर्मान छ :

﴿ وَيَقُولُونَ ءَامَنَّا بِٱللَّهِ وَبِٱلرَّسُولِ وَأَطَعۡنَا ثُمَّ يَتَوَلَّىٰ فَرِيقٞ
مِّنۡهُم مِّنۢ بَعۡدِ ذَٰلِكَۚ وَمَآ أُوْلَٰٓئِكَ بِٱلۡمُؤۡمِنِينَ ﴿٤٧﴾ وَإِذَا دُعُوٓاْ
إِلَى ٱللَّهِ وَرَسُولِهِۦ لِيَحۡكُمَ بَيۡنَهُمۡ إِذَا فَرِيقٞ مِّنۡهُم مُّعۡرِضُونَ ﴿٤٨﴾
وَإِن يَكُن لَّهُمُ ٱلۡحَقُّ يَأۡتُوٓاْ إِلَيۡهِ مُذۡعِنِينَ ﴿٤٩﴾ أَفِي قُلُوبِهِم مَّرَضٌ أَمِ
ٱرۡتَابُوٓاْ أَمۡ يَخَافُونَ أَن يَحِيفَ ٱللَّهُ عَلَيۡهِمۡ وَرَسُولُهُۥۚ بَلۡ أُوْلَٰٓئِكَ هُمُ
ٱلظَّٰلِمُونَ ﴿٥٠﴾ إِنَّمَا كَانَ قَوۡلَ ٱلۡمُؤۡمِنِينَ إِذَا دُعُوٓاْ إِلَى ٱللَّهِ
وَرَسُولِهِۦ لِيَحۡكُمَ بَيۡنَهُمۡ أَن يَقُولُواْ سَمِعۡنَا وَأَطَعۡنَاۚ وَأُوْلَٰٓئِكَ هُمُ
ٱلۡمُفۡلِحُونَ ﴿٥١﴾ وَمَن يُطِعِ ٱللَّهَ وَرَسُولَهُۥ وَيَخۡشَ ٱللَّهَ وَيَتَّقۡهِ
فَأُوْلَٰٓئِكَ هُمُ ٱلۡفَآئِزُونَ ﴿٥٢﴾ ﴾ النور: ٤٧ - ٥٢

अर्थ : र (केही) भन्छन् कि हामीले अल्लाह र रसूलमाथि ईमान ल्यायौं र आज्ञाकारी भयौं फेरि त्यस पश्चात उनीहरूमध्ये एउटा समूह विमुख भइहाल्छ । यी मानिसहरू ईमानवाला हुँदै हैनन् । र जब उनीहरूलाई यस विषयका लागि बोलाइन्छ, कि अल्लाहका रसूलले

उनीहरूको बीचको विवादमा फैसला गरी देऊन् तब उनीहरूमध्ये एउटा समूह विमुख भइहाल्छ। किन्तु यदि उनीहरूलाई कुनै लाभ प्राप्त हुनेवाला छ भने त्यसतर्फ बड़ो आज्ञाकारी भएर आइहाल्छन्। के उनीहरूको हृदयमा रोग छ ? वा यिनीहरू शंका र सन्देहमा छन् ? वा उनलाई यस कुराको भय छ कि उनीहरूमाथि अल्लाह र उसको रसूलले अन्याय गर्नेछन् ? (होइन), बरु यिनीहरू स्वयम् ठूलो अत्याचारी हुन्। मोमिनको कुरा त यो हुन्छ कि जब तिनलाई अल्लाह र उसको रसूलतिर बोलाइन्छ, कि अल्लाह र उसको रसूलले उनीहरूको बीचमा फैसला गरिदिउन् त भन्छन्: कि हामीले (आदेश) सुनिहाल्यौं र मानिहाल्यौं, र यिनै मानिसहरू सफलता प्राप्त गर्नेवाला हुन्। र जुन व्यक्तिले अल्लाह र उसका रसूलको आज्ञा पालन गर्ने छ र अल्लाहसित डर मान्ने छ तिनैले मुक्ति प्राप्त गर्नेवाला हुन्। ( सूरतुन्नूर ४७-५२ )

र यस्ता पथभ्रमित मान्छेहरूको अनुशरणबाट अल्लाह हामीलाई मनाही गरेका छन् । अल्लाहको फर्मान छ :

﴿ وَٱصۡبِرۡ نَفۡسَكَ مَعَ ٱلَّذِينَ يَدۡعُونَ رَبَّهُم بِٱلۡغَدَوٰةِ وَٱلۡعَشِيِّ يُرِيدُونَ وَجۡهَهُۥۖ وَلَا تَعۡدُ عَيۡنَاكَ عَنۡهُمۡ تُرِيدُ زِينَةَ ٱلۡحَيَوٰةِ ٱلدُّنۡيَاۖ وَلَا تُطِعۡ مَنۡ أَغۡفَلۡنَا قَلۡبَهُۥ عَن ذِكۡرِنَا وَٱتَّبَعَ هَوَىٰهُ وَكَانَ أَمۡرُهُۥ فُرُطٗا ٢٨ ﴾ الكهف: ٢٨

अर्थ : र जुन मानिसहरूले विहान र साँझ आफ्नो पालनकर्तालाई पुकार्दछन् र उसैको प्रसन्नता चाहन्छन् तिनीहरूको साथमा, आफूलाई राख्ने गर खबरदार तिम्रा आँखाहरू तिनीहरूबाट अन्यत्र नजाउन्, ताकि संसारिक जीवनको वैभवको इच्छा गर्न थाल, र हेर जुन मानिसको हृदयलाई हामीले आफ्नो स्मरणबाट बेवास्ता गरिदिएका छौं, र त्यो आफ्नो इच्छाको पूर्तितिर लाग्छ, र त्यसको कामले सीमा नाघिसकेको छ, त्यसको भनाई नमान्नु । (सूरतुल् कहफ २८)

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ فَأَعۡرِضۡ عَن مَّن تَوَلَّىٰ عَن ذِكۡرِنَا وَلَمۡ يُرِدۡ إِلَّا ٱلۡحَيَوٰةَ ٱلدُّنۡيَا ٢٩ ﴾ النجم: ٢٩

अर्थ : तसर्थ जो हाम्रो स्मरणबाट विमुख छन् र संसारिक जीवन बाहेक अरु केही चाहदैनन् । त्यसबाट तपाई पनि विमुख भइहाल्नुस् । ( सूरतुन्नज्म २९ )

यस्तै जुन मान्छेहरू अल्लाहको अनुशरण गर्दैनन् तिनीलाई अल्लाह पीडामय यातना दिनेछन् जस्तोकि अल्लाहको फर्मान छ :

﴿ لَّا تَجۡعَلُواْ دُعَآءَ ٱلرَّسُولِ بَيۡنَكُمۡ كَدُعَآءِ بَعۡضِكُم بَعۡضٗاۚ قَدۡ يَعۡلَمُ ٱللَّهُ ٱلَّذِينَ يَتَسَلَّلُونَ مِنكُمۡ لِوَاذٗاۚ فَلۡيَحۡذَرِ ٱلَّذِينَ يُخَالِفُونَ عَنۡ أَمۡرِهِۦٓ أَن تُصِيبَهُمۡ فِتۡنَةٌ أَوۡ يُصِيبَهُمۡ عَذَابٌ أَلِيمٌ ٦٣ ﴾ النور: ٦٣

अर्थ : मोमिनहरू ! तिमीहरूले अल्लाहको रसूलले बोलाएकोलाई तिमी आपसमा एक अर्कालाई बोलाए जस्तो न ठान । नि:सन्देह अल्लाहलाई ती मानिसहरूबारे थाहा छ, जो तिमीहरूमध्ये आँखा छलेर बेवास्ता गरी गोप्य रूपले हिंडी हाल्छन्, हेर जसले उनको आदेशको अवहेलना गर्दछन्, उनीहरूलाई तर्सनु पर्छ कि कहीं यस्तो न होस्, कि उनीहरू माथि कुनै ठूलो विपत्ति आई परोस् अथवा उनीहरू

माथि कुनै दु:खद् यातना आई लागोस् । ( सूरतुन्नूर ६३ )
यस्तै अल्लाह अवज्ञाकारीहरूको जीविका संकुचित गरिदिन्छ र त्यसको जीवनलाई नर्क झैं बनाई दिन्छ । अल्लाहको वाणी छ :

﴿ فَمَن يُرِدِ ٱللَّهُ أَن يَهۡدِيَهُۥ يَشۡرَحۡ صَدۡرَهُۥ لِلۡإِسۡلَٰمِۖ وَمَن يُرِدۡ أَن يُضِلَّهُۥ يَجۡعَلۡ صَدۡرَهُۥ ضَيِّقًا حَرَجٗا كَأَنَّمَا يَصَّعَّدُ فِي ٱلسَّمَآءِۚ كَذَٰلِكَ يَجۡعَلُ ٱللَّهُ ٱلرِّجۡسَ عَلَى ٱلَّذِينَ لَا يُؤۡمِنُونَ ١٢٥ ﴾ الأنعام: ١٢٥

अर्थ : तसर्थ जुन मानिसलाई अल्लाहले चाहन्छ कि, मार्गदर्शन प्राप्त गरोस्, उसको छाती इस्लामको लागि फराकिलो गरिदिन्छ र जसलाई विचलित गर्ने इच्छा राख्दछ उसको छात्तीलाई साँगुरो पारिदिन्छ मानौ त्यो आकाशमा चढिराखेको छ र यस्तै अल्लाहले पापको दुर्गन्ध त्यस व्यक्तिमाथि थोपारिदिन्छ । जसले ईमान ल्याउदैन । ( सूरतुल् अन्आम १२५)
र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَمَنْ أَعْرَضَ عَن ذِكْرِى فَإِنَّ لَهُۥ مَعِيشَةً ضَنكًا
وَنَحْشُرُهُۥ يَوْمَ ٱلْقِيَـٰمَةِ أَعْمَىٰ ﴿١٢٤﴾ قَالَ رَبِّ لِمَ حَشَرْتَنِىٓ
أَعْمَىٰ وَقَدْ كُنتُ بَصِيرًا ﴿١٢٥﴾ قَالَ كَذَٰلِكَ أَتَتْكَ ءَايَـٰتُنَا
فَنَسِيتَهَا ۖ وَكَذَٰلِكَ ٱلْيَوْمَ تُنسَىٰ ﴿١٢٦﴾ ﴾ طه: ١٢٤ - ١٢٦

अर्थ : र जसले मेरो स्मृतिबाट बिमुख हुनेछ त्यसको जीवन कष्टमय हुनेछ र कियामतको दिन त्यसलाई हामीले अन्धा बनाएर उठाउने छौं। उसले भन्नेछ कि: मेरो पालनकर्ता तिमीले मलाई अन्धो पारेर किन उठायौ, जबकि म त आँखा देख्ने वाला थिएँ ?। ( अल्लाहबाट जवाफ आउने छ) यस्तै हुनुपर्थ्यो तिम्रो नजिकमा जब हाम्रा आयतहरू आए तब तिमीले बिर्सिदियो, यस्तै किसिमले आज हामीले तिमीलाई बिर्सिदिने गर्छौं। ( सूरतु ताहा १२४-१२६ )

यस्तै अवज्ञाकारीहरू माथि अल्लाह आफ्नो प्रकोप पठाउँछ। अल्लाहको फर्मान छ :

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱسْتَجِيبُوا۟ لِلَّهِ وَلِلرَّسُولِ إِذَا
دَعَاكُمْ لِمَا يُحْيِيكُمْ ۖ وَٱعْلَمُوٓا۟ أَنَّ ٱللَّهَ يَحُولُ بَيْنَ

ٱلۡمَرۡءِ وَقَلۡبِهِۦ وَأَنَّهُۥٓ إِلَيۡهِ تُحۡشَرُونَ ٢٤ وَٱتَّقُواْ
فِتۡنَةٗ لَّا تُصِيبَنَّ ٱلَّذِينَ ظَلَمُواْ مِنكُمۡ خَآصَّةٗۖ وَٱعۡلَمُوٓاْ
أَنَّ ٱللَّهَ شَدِيدُ ٱلۡعِقَابِ ٢٥ ﴾ الأنفال: ٢٤ - ٢٥

अर्थ : हे ईमानवालाहरू ! तिमीले अल्लाह र रसूलको आदेश मान, जबकि रसूलले तिमीलाई त्यस कुरातिर बोलाउन्छन्, जसले तिमीलाई जीवन प्रदान गर्नेछ र जानीराख कि अल्लाह मानिस र उसको हृदयको बीचमा आड बन्ने गर्दछ । र निःसन्देह तिमी सबै अल्लाहकै पासमा एकत्रित हुनेछौ । त्यस फसादबाट बच, जसले कि आफ्नो चपेटामा विशेषरूपले अत्याचारीहरूलाई मात्र लिने छैन, जानीराख कि अल्लाह कठोर दण्ड दिनेवाला छ । ( सूरतुल् अन्फाल २४,२५ )

र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ وَضَرَبَ ٱللَّهُ مَثَلٗا قَرۡيَةٗ كَانَتۡ ءَامِنَةٗ مُّطۡمَئِنَّةٗ
يَأۡتِيهَا رِزۡقُهَا رَغَدٗا مِّن كُلِّ مَكَانٖ فَكَفَرَتۡ بِأَنۡعُمِ
ٱللَّهِ فَأَذَٰقَهَا ٱللَّهُ لِبَاسَ ٱلۡجُوعِ وَٱلۡخَوۡفِ بِمَا كَانُواْ
يَصۡنَعُونَ ١١٢ ﴾ النحل: ١١٢

अर्थ : अल्लाहले एउटा बस्तीको उदाहरण वर्णन गर्दछ जुन पूर्ण शान्ति र सुरक्षामा थियो, प्रत्येक दिशाबाट उसको जीविकाको परिपूर्ति हुन्थ्यो फेरि अल्लाहको वरदानहरू प्रति उसले कृतघ्नता प्रकट गऱ्यो, अनि अल्लाहले तिनीहरूको क्रियाकलापको कारणले बदलामा तिनीहरूलाई भूख र डरको स्वाद चखाइहाले । ( सूरतुन्नहल ११२ )

र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ وَإِذَآ أَرَدۡنَآ أَن نُّهۡلِكَ قَرۡيَةً أَمَرۡنَا مُتۡرَفِيهَا فَفَسَقُواْ فِيهَا فَحَقَّ عَلَيۡهَا ٱلۡقَوۡلُ فَدَمَّرۡنَٰهَا تَدۡمِيرٗا ١٦ ﴾ الإسراء: ١٦

अर्थ : र जब हाम्रो इच्छा कुनै बस्तीलाई ध्वस्त पार्ने हुन्छ भने त्यहाँका सम्पन्न मानिसहरूलाई, केही आदेश दिन्छौं र तिनीहरूले त्यस बस्तीमा उल्लंघनकारी काम गर्न थाल्छन् अनि तिनीहरूमाथि सजायको कुरा प्रमाणित भइहाल्छ फेरि हामीले उनीहरूलाई नष्ट गरी हाल्छौं । ( सूरतुल् इस्रा १६ )

र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَصَٰبَكُم مِّن مُّصِيبَةٖ فَبِمَا كَسَبَتۡ أَيۡدِيكُمۡ وَيَعۡفُواْ عَن كَثِيرٖ ﴾ ﴿٣٠﴾ الشورى: ٣٠

अर्थ : र जुन मुसिबत तिमीलाई पुग्दछ, त्यो तिम्रो आफ्नै हातको कमाइनै हो र उसले धेरै ( पापहरू) माफ गरिदिन्छ । ( सूरतुश्शूरा ३० )

यस्तै अरु विभिन्न प्रकारका हानिहरू अल्लाह र अल्लाहका रसूलको अवज्ञा गरेमा भोग्नु पर्दछ ।

## अनुशरण नगर्नुका केही प्रमुख कारणहरू

यस संसारमा दुई प्रकारका मान्छेहरू बस्दछन्, अज्ञाकारीहरू, र अवज्ञाकारीहरू ।

त जसले पनि अज्ञाकारिता प्रकट गर्छ त्यो स्वर्ग पाउने छ, र त्यसको जीवन आनन्दमय हुनेछ । र जसले अट्टेरीपना गऱ्यो त्यसको बासस्थान नर्क हुनेछ, र त्यसको जीवन कष्टमय हुनेछ । जस्तोकि अल्लाहको भनाई छ :

﴿ لِلَّذِينَ ٱسۡتَجَابُواْ لِرَبِّهِمُ ٱلۡحُسۡنَىٰۚ وَٱلَّذِينَ لَمۡ يَسۡتَجِيبُواْ لَهُۥ لَوۡ أَنَّ لَهُم مَّا فِي ٱلۡأَرۡضِ جَمِيعٗا وَمِثۡلَهُۥ مَعَهُۥ لَٱفۡتَدَوۡاْ بِهِۦٓۚ أُوْلَـٰٓئِكَ لَهُمۡ سُوٓءُ ٱلۡحِسَابِ وَمَأۡوَىٰهُمۡ جَهَنَّمُۖ وَبِئۡسَ ٱلۡمِهَادُ ١٨ ﴾ الرعد: ١٨

अर्थ : जुन मान्छेहरूले आफ्ना पालनहारको आदेशलाई पालन गरे तिनीहरूका लागि भलो हुनेछ, र जुन मान्छेहरूले उनको आदेशलाई अवहेलना गरे, यदि उनीहरूका लागि पृथ्वीमा रहेको सबै थोक र त्यति नै अरुभए पनि त्यो सबै आफ्नो मुक्तिको सट्टामा दिन तैयार हुन्छन्

। तिनीहरूका लागि नर्क ठेगाना छ । र जुन ज्यादै नराम्रो ठाउँ हो । ( सूरतुर्रअद १८ )

अब यो प्रश्न उठ्छकि मनुष्य अवज्ञा किन गर्छ ?

यस प्रश्नको उत्तर निम्नमा वर्णन गारिन्छ !

१- आफ्नो इच्छाको अनुशरण गर्नुको कारण ।

अल्लाहको फर्मान छ :

﴿ وَٱصْبِرْ نَفْسَكَ مَعَ ٱلَّذِينَ يَدْعُونَ رَبَّهُم بِٱلْغَدَوٰةِ وَٱلْعَشِيِّ يُرِيدُونَ وَجْهَهُۥ ۖ وَلَا تَعْدُ عَيْنَاكَ عَنْهُمْ تُرِيدُ زِينَةَ ٱلْحَيَوٰةِ ٱلدُّنْيَا ۖ وَلَا تُطِعْ مَنْ أَغْفَلْنَا قَلْبَهُۥ عَن ذِكْرِنَا وَٱتَّبَعَ هَوَىٰهُ وَكَانَ أَمْرُهُۥ فُرُطًا ﴿٢٨﴾ ﴾ الكهف: ٢٨

अर्थ : र जुन मानिसहरूले विहान र साँझ आफ्नो पालनकर्तालाई पुकार्दछन् र उसैको प्रसन्नता चाहन्छन् तिनीहरूको साथमा, आफूलाई राख्ने गर खबरदार तिम्रा आँखाहरू तिनीहरूबाट अन्यत्र नजाउन्, ताकि संसारिक जीवनको वैभवको इच्छा गर्न थाल, र हेर जुन मानिसको हृदयलाई हामीले आफ्नो स्मरणबाट बेवास्ता गरिदिएका छौं, र त्यो आफ्नो इच्छाको पूर्तितिर लाग्छ, र त्यसको कामले

सीमा नाघिसकेको छ, त्यसको भनाई नमान्नु ।
(सूरतुल् कहफ २८)
र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ فَإِن لَّمۡ يَسۡتَجِيبُواْ لَكَ فَٱعۡلَمۡ أَنَّمَا يَتَّبِعُونَ أَهۡوَآءَهُمۡۚ وَمَنۡ أَضَلُّ مِمَّنِ ٱتَّبَعَ هَوَىٰهُ بِغَيۡرِ هُدٗى مِّنَ ٱللَّهِۚ إِنَّ ٱللَّهَ لَا يَهۡدِي ٱلۡقَوۡمَ ٱلظَّٰلِمِينَ ٥٠ ﴾ القصص: ٥٠

अर्थ : अनि यदि यिनीहरूले तिम्रो कुरा स्वीकार गर्दैनन् भने तिमीले यो विश्वास गर कि यिनीहरू मात्र आफ्ना इच्छाहरूको अनुशरण गर्दैछन् र उसभन्दा धेरै मार्ग विचलित को हुन्छ? जसले अल्लाहको मार्गदर्शन छोडेर आफ्नो इच्छाको पछि हिंड्को छ। नि:सन्देह अल्लाहले अत्याचारीहरूलाई मार्गदर्शन गर्दैन ।
( सूरतुल् कसस ५० )
र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ أَفَرَءَيۡتَ مَنِ ٱتَّخَذَ إِلَٰهَهُۥ هَوَىٰهُ وَأَضَلَّهُ ٱللَّهُ عَلَىٰ عِلۡمٖ وَخَتَمَ عَلَىٰ سَمۡعِهِۦ وَقَلۡبِهِۦ وَجَعَلَ عَلَىٰ بَصَرِهِۦ غِشَٰوَةٗ فَمَن يَهۡدِيهِ مِنۢ بَعۡدِ ٱللَّهِۚ أَفَلَا تَذَكَّرُونَ ٢٣ ﴾ الجاثية: ٢٣

अर्थ : के तिमीले त्यस व्यक्तिलाई पनि देख्यौ ? जसले आफ्नो उपास्य बनाइहाल्यो ? अल्लाहले जान्नको बावजूद उसलाई मार्गविचलनमा पारिदियो, र उसका कान र हृदय माथि ठप्पा लगाइदियो र उनीको आँखाहरूमाथि आवरण हालिदियो । अब अल्लाह पश्चात कसले उसलाई मार्गमा ल्याउन सक्छ ? के तिमीले शिक्षा ग्रहण गर्दैनौ ? ( सूरतुल् जासिया २३ )

२- <u>अभिमान गर्नुको कारण</u> । अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنَّا خَلَقۡنَٰكُم مِّن ذَكَرٖ وَأُنثَىٰ وَجَعَلۡنَٰكُمۡ شُعُوبٗا وَقَبَآئِلَ لِتَعَارَفُوٓاْۚ إِنَّ أَكۡرَمَكُمۡ عِندَ ٱللَّهِ أَتۡقَىٰكُمۡۚ إِنَّ ٱللَّهَ عَلِيمٌ خَبِيرٞ ١٣ ﴾ الحجرات: ١٣

अर्थ : हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गर्‍यौं र तिमीलाई जातविरादरी र कबिलाहरू ( समूहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक । (वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरूमध्ये (अनुचित कर्मबाट) बढी भय

गर्नेवाला हुन्छ। निश्चय नै अल्लाह सबै कुरा जान्दछ, ऊ सर्वज्ञ छ। ( सूरतुल् हुजुरात १३ ) त जब हामी सबै एउटै पुरुष र महिलाबाट उत्पन्न भएका हौं त केको अभिमान।

३- कुनै मान्छेको भयको कारण । अल्लाहको फर्मान छ :

﴿ أَلَيْسَ ٱللَّهُ بِكَافٍ عَبْدَهُۥ ۖ وَيُخَوِّفُونَكَ بِٱلَّذِينَ مِن دُونِهِۦ ۚ وَمَن يُضْلِلِ ٱللَّهُ فَمَا لَهُۥ مِنْ هَادٍ ﴿٣٦﴾ ﴾ الزمر: ٣٦

अर्थ : के अल्लाह आफ्ना बन्दाहरूको निम्ति पर्याप्त छैन? यिनीहरूले तपाईंलाई अल्लाह बाहेक अरुबाट डराई रहेका छन् र जसलाई अल्लाहले मार्ग विचलित गरिदेओस्, त्यसलाई कसैले मार्ग दर्शन गर्न सक्दैन। ( सूरतुज्जुमर ३६ )

४- संसारिक लोभ लाल्साको कारण । अल्लाहको फर्मान छ :

﴿ وَلَا تَمُدَّنَّ عَيْنَيْكَ إِلَىٰ مَا مَتَّعْنَا بِهِۦٓ أَزْوَٰجًا مِّنْهُمْ زَهْرَةَ ٱلْحَيَوٰةِ ٱلدُّنْيَا لِنَفْتِنَهُمْ فِيهِ ۚ وَرِزْقُ رَبِّكَ خَيْرٌ وَأَبْقَىٰ ﴿١٣١﴾ ﴾ طه: ١٣١

अर्थ : र ती कुराहरूतिर आफ्नो आँखा उठाएर पटक्कै नहेर, जुन हामीले तिनीहरू मध्ये विभिन्न मानिसहरूलाई संसारमा उपभोगको निम्ति दिएका छौं, ताकि हामीले त्यसबाट उनीहरूको परीक्षा लिन सकौं। त्यो त मात्र सांसारिक जीवनको शोभा हो। तर तिम्रो पालनकर्ताबाट तिमीलाई प्रदान गरिएको जीविका मात्र उत्तम र स्थायी छ। (सूरतु ताहा १३१)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन छ :

अर्थ : जुन मान्छे संसारिक लोभ लाल्साबाट बाँच्यो त्यो नै सफल मान्छे हो। ( अबू दाऊद )

५- <u>हवस पूर्तिको पछि लागेर</u> । अल्लाहको फर्मान छ :

﴿ حَتَّىٰٓ إِذَا جَآءَ أَحَدَهُمُ ٱلْمَوْتُ قَالَ رَبِّ ٱرْجِعُونِ ﴿٩٩﴾ لَعَلِّىٓ أَعْمَلُ صَٰلِحًا فِيمَا تَرَكْتُ ۚ كَلَّآ ۚ إِنَّهَا كَلِمَةٌ هُوَ قَآئِلُهَا ۖ وَمِن وَرَآئِهِم بَرْزَخٌ إِلَىٰ يَوْمِ يُبْعَثُونَ ﴿١٠٠﴾ ﴾ المؤمنون: ٩٩ - ١٠٠

अर्थ : यहाँसम्म कि जब उनीबाट कसैको मृत्यु नजिक हुन्छ त भन्छन्: मेरो पालनकर्ता मलाई

फर्काइ देऊ । ताकि जुन (संसार)लाई म छोडेर आएको छु त्यसमा म राम्रो काम गरूँ, कदापि यस्तो हुने छैन । यो त खाली एउटा कुरा हो जुन उसले भन्नेछ (त्यो पूरा हुने छैन) र उनीहरूको पछाडि एक प्रकारको पर्दा छ, त्यो दिनसम्म जबकि पुनः उठाइनेछन् । ( सूरतुल् मूमिनून ९९,१०० )

﴿ فَإِن لَّمْ يَسْتَجِيبُوا لَكَ فَاعْلَمْ أَنَّمَا يَتَّبِعُونَ أَهْوَاءَهُمْ وَمَنْ أَضَلُّ مِمَّنِ اتَّبَعَ هَوَاهُ بِغَيْرِ هُدًى مِّنَ اللَّهِ إِنَّ اللَّهَ لَا يَهْدِي الْقَوْمَ الظَّالِمِينَ ﴿٥٠﴾ ﴾ القصص: ٥٠

अर्थ : अनि यदि यिनीहरूले तिम्रो कुरा स्वीकार गर्दैनन् भने तिमीले यो विश्वास गर कि यिनीहरू मात्र आफ्ना इच्छाहरूको अनुशरण गर्दैछन् र उसभन्दा धेरै मार्ग विचलित को हुन्छ? जसले अल्लाहको मार्गदर्शन छोडेर आफ्नो इच्छाको पछि हिंड्को छ । निःसन्देह अल्लाहले अत्याचारीहरूलाई मार्गदर्शन गर्दैन । ( सूरतुल् कसस ५० )

६- अन्धो तकलीदको कारण । अल्लाहको फर्मान छ :

﴿ وَٱصْبِرْ نَفْسَكَ مَعَ ٱلَّذِينَ يَدْعُونَ رَبَّهُم بِٱلْغَدَوٰةِ
وَٱلْعَشِيِّ يُرِيدُونَ وَجْهَهُۥ ۖ وَلَا تَعْدُ عَيْنَاكَ عَنْهُمْ تُرِيدُ زِينَةَ
ٱلْحَيَوٰةِ ٱلدُّنْيَا ۖ وَلَا تُطِعْ مَنْ أَغْفَلْنَا قَلْبَهُۥ عَن ذِكْرِنَا وَٱتَّبَعَ
هَوَىٰهُ وَكَانَ أَمْرُهُۥ فُرُطًا ﴿٢٨﴾ ﴾ الكهف: ٢٨

अर्थ : र जुन मानिसहरूले विहान र साँझ आफ्ना पालनकर्तालाई पुकार्दछन् र उसैको प्रसन्नता चाहन्छन् तिनीहरूको साथमा, आफूलाई राख्ने गर खबरदार तिम्रा आँखाहरू तिनीहरूबाट अन्यत्र नजाउन्, ताकि संसारिक जीवनको वैभवको इच्छा गर्न थाल, र हेर जुन मानिसको हृदयलाई हामीले आफ्नो स्मरणबाट बेवास्ता गरिदिएका छौं, र त्यो आफ्नो इच्छाको पूर्तितिर लाग्छ, र त्यसको कामले सीमा नाघिसकेको छ, त्यसको भनाई नमान्नु । (सूरतुल् कहफ २८)

अन्धो तकलीदको अर्थ हो: कसैको कुराको विना प्रमाण अनुशरण गर्नु । अर्थात: मोल्वी, विद्वान... आदिहरूले जे पनि भनुन् त्यसलाई बिना कुनै प्रमाण मानेर त्यसै बमोजिम कर्म गर्नु । त बिना कुरआन र हदीसबाट प्रमाण

प्रस्तुत गरेको कुरालाई मान्नु र त्यसैलाई आधार मानी कर्म गर्नुलाई नै अन्धो तकलीद भनिन्छ ।
र यसै तकलीदको कारण आज मुसलमानहरू विभिन्न समुदायमा विभाजित छन्, र एकआर्का सित युद्धरत छन् । र यसै अन्धो तकलीदको कारण आज हामी मुसलमानहरू काफिरहरूको अधिपत्यमा छौं, र प्रत्येक क्षेत्रमा प्राजित छौं ।
अल्लाहले हामीलाई आदेश गरेको थियो कि तिमीहरू समूह समूह र ग्रुपहरूमा विभाजित नहुनु र कुरआन हदीसलाई दृढता पूर्वक समातेर राख्नु । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَٱعْتَصِمُوا۟ بِحَبْلِ ٱللَّهِ جَمِيعًا وَلَا تَفَرَّقُوا۟ ۚ وَٱذْكُرُوا۟ نِعْمَتَ ٱللَّهِ عَلَيْكُمْ إِذْ كُنتُمْ أَعْدَآءً فَأَلَّفَ بَيْنَ قُلُوبِكُمْ فَأَصْبَحْتُم بِنِعْمَتِهِۦٓ إِخْوَٰنًا وَكُنتُمْ عَلَىٰ شَفَا حُفْرَةٍ مِّنَ ٱلنَّارِ فَأَنقَذَكُم مِّنْهَا ۗ كَذَٰلِكَ يُبَيِّنُ ٱللَّهُ لَكُمْ ءَايَـٰتِهِۦ لَعَلَّكُمْ تَهْتَدُونَ ﴿١٠٣﴾ ﴾ آل عمران: ١٠٣

अर्थ : सबै मिलेर अल्लाहको डोरीलाई दृढतापूर्वक समाति राख्नु र विभाजित नहुनु र

अल्लाहको त्यस अनुकम्पालाई यादगर कि जब तिमी एक अर्काको शत्रु थियौ, त उसले तिम्रा हृदयहरूमा प्रेमको सृजना गऱ्यो र उसको कृपाले तिमीहरू आपसमा भाइ-भाइ भइहाल्यौ, र तिमी आगोको खाल्डो छेउ पुगिसकेका थियौ, त अल्लाहले तिमीलाई त्यसबाट बचाइहाल्यो । यस प्रकार अल्लाहले तिमीलाई आफ्ना निशानीहरूको वर्णन गर्दछ ताकि तिमी मार्गदर्शन प्राप्त गर्नसक । ( सूरतु आले इम्रान १०३ )

तर हामीले अल्लाहको अवज्ञा गऱ्यौं अनि फलस्वरूप अल्लाहले हामीमाथि हाम्रा शत्रुहरूलाई वर्चस्वता प्रदान गरिदियो । त अब किन चिचाउनु हुनेछ यो त हाम्रो आफ्नै कर्मको फल हो, यसको स्वाद त चाख्नु नै पर्छ र आखिरतमा कष्टमय यातना हाम्रो प्रतिक्षामा छदै छ ।

७- कुकर्मी र अवज्ञाकारीहरूको संगतको कारण । अल्लाहको फर्मान छ :

﴿ وَيَوْمَ يَعَضُّ ٱلظَّالِمُ عَلَىٰ يَدَيْهِ يَقُولُ يَٰلَيْتَنِي ٱتَّخَذْتُ مَعَ
ٱلرَّسُولِ سَبِيلًا ﴿٢٧﴾ يَٰوَيْلَتَىٰ لَيْتَنِي لَمْ أَتَّخِذْ فُلَانًا خَلِيلًا ﴿٢٨﴾

لَّقَدۡ أَضَلَّنِي عَنِ ٱلذِّكۡرِ بَعۡدَ إِذۡ جَآءَنِيۗ وَكَانَ
ٱلشَّيۡطَٰنُ لِلۡإِنسَٰنِ خَذُولٗا ﴿٢٩﴾ الفرقان: ٢٧ ـ ٢٩

अर्थ : त्यस दिन अत्याचारीले आफ्नो हात टोक्नेछ र भन्नेछः कि म रसूलको मार्गमा हिंडेको भए कति राम्रो हुने थियो । अफशोच ! मैले अमुक व्यक्तिलाई मित्र नबनाएको भए राम्रो हुने थियो । ( सूरतुल् फुर्कान २७-२९ )

८- अल्लाहको कृपाबाट निराश हुनुको कारण ।

अल्लाहको फर्मान छ :

﴿ يَٰبَنِيَّ ٱذۡهَبُواْ فَتَحَسَّسُواْ مِن يُوسُفَ وَأَخِيهِ وَلَا
تَاْيۡـَٔسُواْ مِن رَّوۡحِ ٱللَّهِۖ إِنَّهُۥ لَا يَاْيۡـَٔسُ مِن رَّوۡحِ ٱللَّهِ إِلَّا ٱلۡقَوۡمُ
ٱلۡكَٰفِرُونَ ﴿٨٧﴾ يوسف: ٨٧

अर्थ :(हजरत यअ्कूबले भन्नु भयो) मेरा प्यारा पुत्रहरू ! तिमी जाऊ र यूसुफलाई र उसको भाइलाई पूर्ण रूपले खोज गर । र अल्लाहको अनुकम्पाबाट निराश नबन, निश्चित रूपले पालनकर्ताको अनुकम्पाबाट उनै निराश हुन्छन् जो काफिर हुन्छन् । ( सूरतु यूसुफ ८७ )

र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ ۞ قُلۡ يَٰعِبَادِيَ ٱلَّذِينَ أَسۡرَفُواْ عَلَىٰٓ أَنفُسِهِمۡ لَا تَقۡنَطُواْ
مِن رَّحۡمَةِ ٱللَّهِۚ إِنَّ ٱللَّهَ يَغۡفِرُ ٱلذُّنُوبَ جَمِيعًاۚ إِنَّهُۥ هُوَ ٱلۡغَفُورُ
ٱلرَّحِيمُ ٥٣ ﴾ الزمر: ٥٣

अर्थ : मेरो तर्फबाट भन्नुस् कि "हे मेरा भक्तहरू ! जसले आफूमाथि नै अतिक्रमण गरेका छन्, तिमी अल्लाहको दयाबाट निराश नहोऊ । निःसन्देह अल्लाहले सारा पापहरूलाई क्षमा गरिदिन्छ । निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान् छ । ( सूरतुज्जुमर ५३ )

र यस जस्ता अरु कारणहरू पनि छन् जसलेगर्दा मनुष्य अट्टेरी गर्छ र अल्लाहको अनुशरण गर्दैन ।

## अनुशरण गर्नुका केही आदर्णीय र आदर्शनीय उदाहरणहरू

समस्त सहाबाहरूको अनुशरणको उदाहरण अति सराहनीय थियो र त्यसको उदाहरण अरु कतै भटिदैन । अनभिज्ञकालमा अरब बासीहरू मदिरा सेवनका रसिया थिए । उनीहरू मदिरा सेवन यसरी गर्थे जसरी कि हामीहरू जलको सेवन गर्छौं, र इस्लामको आरम्भिक कालमा पनि मदिरा सेवन निरंतरताले गरिन्थ्यो, तर जब अल्लाहले निम्नका श्लोकहरू अवतरित गर्‍यो !

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ رِجۡسٞ مِّنۡ عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٩٠ إِنَّمَا يُرِيدُ ٱلشَّيۡطَٰنُ أَن يُوقِعَ بَيۡنَكُمُ ٱلۡعَدَٰوَةَ وَٱلۡبَغۡضَآءَ فِي ٱلۡخَمۡرِ وَٱلۡمَيۡسِرِ وَيَصُدَّكُمۡ عَن ذِكۡرِ ٱللَّهِ وَعَنِ ٱلصَّلَوٰةِۖ فَهَلۡ أَنتُم مُّنتَهُونَ ٩١ ﴾ المائدة: ٩٠ - ٩١

अर्थ : हे इमानवालाहरू! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरूमध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । शैतान

त यो चाहन्छ कि रक्सी र जुआको माध्यमबाट तिमीहरू बीच शत्रुता र बैरभावको सृजना गरिहालोस् र तिमीलाई अल्लाहको स्मरण र नमाजबाट रोकिदेओस् । यसकारण अहिले पनि (यी कर्महरूबाट) अलग रहने गर । ( सूरतुल् माइदा ९०,९१ )

त सबैले तुरुन्तै मदिरा सेवनलाई त्यागी हाले । र जुन मदिरा घरहरूमा भण्डार गरेर राखिएका थिए त्यसलाई मदीनाको बाटोहरूमा बगाइयो अनि तीन दिन सम्म मदीनामा मात्र मदिराको नै बास आँउदै रह्यो ।

यस कथाको पूर्ण वर्णन बुखारीको हदीस नं.४२५४ मा, र मुस्लिमको हदीस नं.३६६२ मा छ ।

## अबू बक्र सिद्दीकको अनुशरणको उदाहरण

हदीसमा वर्णन छ कि हजरत अबूबक्र रजिअल्लाहो अन्हो मिस्तह बिन असासालाई केही धनराशि दिनुहुन्थ्यो, अनि जब केही मान्छेहरूले उनकी छोरी हजरत आइशा रजिअल्लाहो अन्हामाथि लान्छना लगाए र तिनीहरू मध्ये मिस्तह पनि थिए, त हजरत अबूबक्र रजिअल्लाहो अन्होले भने: अब म

मिस्तहलाई केही दिन्न । तर जब अल्लाहले यो अवतरित गऱ्यो

﴿ وَلَا يَأۡتَلِ أُوْلُواْ ٱلۡفَضۡلِ مِنكُمۡ وَٱلسَّعَةِ أَن يُؤۡتُوٓاْ أُوْلِي ٱلۡقُرۡبَىٰ وَٱلۡمَسَٰكِينَ وَٱلۡمُهَٰجِرِينَ فِي سَبِيلِ ٱللَّهِۖ وَلۡيَعۡفُواْ وَلۡيَصۡفَحُوٓاْۗ أَلَا تُحِبُّونَ أَن يَغۡفِرَ ٱللَّهُ لَكُمۡۚ وَٱللَّهُ غَفُورٞ رَّحِيمٌ ٢٢ ﴾ النور: ٢٢

" तिमी मध्ये जो गुणी र समार्थ्यवान छन् उनीहरूलाई आफ्ना नातेदार, निमुखा, गरीब र अल्लाहको मार्गमा घरबार छाड्नेहरूलाई सहयोग दिनबाट पन्छिने काम गर्नु हुँदैन, बरु उनीहरूलाई आवश्यक छ कि क्षमा गरिदेउन् र उनीहरूको त्रुटिको वास्ता नगरुन । के तिमी यो चाहदैनौं कि अल्लाहले तिमीलाई क्षमा गरोस् ? अल्लाह गल्तीहरूलाई माफी दिने अत्यन्त दयावान छ ?" त हजरत अबूबक्रले भने: हो मेरो पालनहार मलाई क्षमा चाहियो तिम्रो दया चाहियो, र भने: म कदापि त्यो मालबाट मिस्तहलाई बञ्चित गर्दैन जुन उहाँलाई दिदै थिएँ । ( बुखारी हदीस नं. ४७५० )

## हजरत उमर फारुकको अनुशरणको उदाहरण

हजरत उमर रजिअल्लाहो अन्होको बारेमा सबैलाई ज्ञान नै होला कि उहाँ कति ठूलो विद्वान र बुद्धिजीवी हुनुहुन्थ्यो । उहाँको दृष्टिकोणको सहमतिमा अल्लाहले कुरआनमा श्लोकहरू अवतरित गरेका हुन् । र उहाँलाई हेरेर शैतान आफ्नो बाटो त्यागिदिन्थ्यो । र उहाँले न्यायको यस्तो परम्परा र आदर्श कायम गर्नु भयोकि कियामत सम्म त्यसको उदाहरण मिल्नु दुर्लभ र असम्भव छ ।

हदीसमा वर्णन छ कि उयैयना बिन हसन, हुर्र बिन कैस रजिअल्लाहो अन्हो कहाँ आउनु भयो, र कैस ती मान्छेहरू मध्येका थिए जुन उमर फारुकका निकटतम् दरबारीयाहरू मध्येका थिए । त उयैयनाले भनेः हे भाइ मलाई अमीरुल् मूमिनून उमरसित एक चोटि मिलाउनुस् , अनि उहाँले जब उयैयनालाई हजरत उमरबाट मिलाउनु भयो त उयैयनाले भनेः हे उमर तिमी हामीहरू बीच न्याय गर्दैनौं, अनि हजरत उमर उयैयनामाथि क्रोधित भएर उहाँलाई दण्डित गर्ने मन बनाए तर हुर्र बिन कैसले यस आयत (श्लोक)को पाठ गरे !

﴿ خُذِ ٱلۡعَفۡوَ وَأۡمُرۡ بِٱلۡعُرۡفِ وَأَعۡرِضۡ عَنِ ٱلۡجَٰهِلِينَ ١٩٩ ﴾

﴿ الأعراف: ١٩٩

" तपाई क्षमाको नीति अपनाउनुस्, र असल कामको उपदेश दिदै गर्नुस् र अज्ञानीहरूबाट टाढा बस्नुस् । "

र भने: हे अमीरुल मूमेनीन यो मान्छे अनभिज्ञहरू मध्येको हो, यसलाई क्षमादान दिनुस् । अनि हजरत उमर रजिअल्लाहो अन्होले यो श्लोक सुने पश्चात आफ्नो दण्डित गर्ने इच्छाबाट रुकिहाले । ( बुखारी हदीस नं. ४६४२ )

**अब्दुल्लाह बिन रवाहाको अनुशरणको उदाहरण**

एक दिन अब्दुल्लाह बिन रवाहा मस्जिद सम्म आए यस्तो अवस्थामा कि रसूल सल्लल्लाहो अलैहे वसल्लम खुत्बा दिइराख्नु भएको थियो, अनि अब्दुल्लाह बिन रवाहाले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुन्नु भयो कि " सबैजना बसी हाल " अनि उनी जहाँ सम्म पुग्नु भएको थियो त्यसै स्थानमा मस्जिदको बाहिर नै बसी हाले । यहाँ सम्मकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले खुत्बा समाप्त गर्नु भयो । अनि जब यसकुराको खबर रसूल

सल्लल्लाहो अलैहे वसल्लमलाई भयो त उहाँले अब्दुल्लाहको लागि दुआ गर्दै भन्नु भयोः अल्लाह तिम्रो अल्लाह रसूलको अनुशरणमा झैं वेद्धि गरोस् । ( सियरो अअ्लामुन् नोबला, अल् बैहकी )

हेर्नु भयो ! सहाबाहरू कसरी अनुशरण गर्थे, मात्र अल्लाह र अल्लाहका रसूलको फर्मान सुने बित्तिकै अनुशरण गरिहाल्थे । यदि हामी पनि उनीहरूको पद्धतिमा चलेको भए कति राम्रो हुन्थ्यो ।

## सादर अनुरोध

हे भाइहरू ! यो संक्षिप्त लेखबाट यो प्रष्ट भयो कि हामीमाथि हाम्रो पालनकर्ताको अनुशरण अनिवार्य छ, र हामीलाई चाहियो कि हामी अल्लाह र अल्लाहका रसूल मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गरौं, र अन्धो तकलीदको पछि पछि नलागौं नत्र हाम्रो जीवन नर्क भइहाल्ने छ, र परलोकको  यातना त छदैछ ।

त हे पाठकहरू ! यदि आज पनि हामी आस्था राखी अल्लाह र रसूलको अज्ञाकारी भइहालौं भने हाम्रो समस्त समस्याहरूको समाधान भइहालने छ, र हामी जुन दास जस्तो जीवन व्यतीत गरिराखेका छौं त्यसबाट मुक्ति पनि मिल्ने छ ।

र हामीमाथि जुन अत्याचार र अन्याय भइरहेको छ त्यसको अन्त हुनेछ । र हाम्रो वर्चस्व सबै माथि फेरि कायम हुनेछ । र हामी फेरि संसारको लागि आदर्श बनन् सक्छौं ।

हे भाइ हो ! यदि संसारको शान्ति चाहन्छौ भने अल्लाहतर्फ प्रवृत्त हुनुपर्छ, त्यसको अनुशरण गर्नुपर्छ, त्यसले रोजेको धर्ममा पुर्णतः विश्वास गर्नुपर्छ । र अल्लाहलाई नै आफ्नो सहायक

ठान्नुपर्छ, र मात्र उसैको पूजा गर्नुपर्छ । अनि अल्लाह हाम्रो सहायताको लागि आफ्नो अनुग्रहको मुहान खोलिदिन्छ, र हामीलाई यस्ता स्रोतहरूबाट अनुकम्पा प्रदान गर्ने छ जसको हामी कल्पना पनि गर्न सक्दैनौं । अल्लाहको फर्मान छ :

﴿ فَقُلْتُ ٱسْتَغْفِرُوا۟ رَبَّكُمْ إِنَّهُۥ كَانَ غَفَّارًا ﴿١٠﴾ يُرْسِلِ
ٱلسَّمَآءَ عَلَيْكُم مِّدْرَارًا ﴿١١﴾ وَيُمْدِدْكُم بِأَمْوَٰلٍ وَبَنِينَ وَيَجْعَل لَّكُمْ
جَنَّٰتٍ وَيَجْعَل لَّكُمْ أَنْهَٰرًا ﴿١٢﴾ مَّا لَكُمْ لَا تَرْجُونَ لِلَّهِ وَقَارًا ﴿١٣﴾
وَقَدْ خَلَقَكُمْ أَطْوَارًا ﴿١٤﴾ أَلَمْ تَرَوْا۟ كَيْفَ خَلَقَ ٱللَّهُ سَبْعَ سَمَٰوَٰتٍ
طِبَاقًا ﴿١٥﴾ وَجَعَلَ ٱلْقَمَرَ فِيهِنَّ نُورًا وَجَعَلَ ٱلشَّمْسَ سِرَاجًا
﴿١٦﴾ وَٱللَّهُ أَنۢبَتَكُم مِّنَ ٱلْأَرْضِ نَبَاتًا ﴿١٧﴾ ثُمَّ يُعِيدُكُمْ فِيهَا
وَيُخْرِجُكُمْ إِخْرَاجًا ﴿١٨﴾ ﴾ نوح: ١٠ - ١٨

अर्थ : र मैले भने किः आफ्नो पालनकर्तासित आफ्ना पापबाट मुक्ति गराऊ र क्षमा माग । निश्चय नै ऊ ठूलो क्षमादाता हो । उसले तिमीमाथि निकै वर्षाउने वाला बादल पठाउने छ । र उसले सम्पत्ति र सन्तानमा तिमीलाई बढोत्तरी प्रदान गर्ने छ, र तिम्रो निम्ति

बगैंचाहरू पैदा गर्ने छ र तिम्रो निम्ति नहरहरू प्रवाहित गर्नेछ। तिमीलाई के भएको छ कि तिमीले अल्लाहको सर्वश्रेष्ठता माथि ईमान राख्दैनौ ? जबकि उसले तिमीलाई विभिन्न अवस्थाहरूबाट गुजार्दै सृष्टि गरेको छ। के तिमीले देखेनौ कि अल्लाहले कसरी एउटामाथि अर्को गरी सातवटा आकाशहरू बनाएको छ ? र उनीहरूमा चन्द्रलाई जगमगाउँदो बनाएको छ, र सूर्यलाई प्रकाशयुक्त दीप बनाएको छ ?र अल्लाहले नै तिमीलाई धरतीबाट सृष्टि गरेको छ, अनि त्यसैमा तिमीलाई फर्काउनेछ र तिमीलाई निकालि उभ्याउनेछ। ( सूरतु नूह १०-१८ )

र शत्रुहरूको हृदयमा तिमीहरूको भयत्रास हालिदिन्छ, अनि सबै शत्रुहरू प्रास्त भइहाल्छन् र समस्त ब्रह्माण्डमा तिम्रो प्रशंसा हुन्थाल्छ। तर एक पाइला अगाडि त आऊ, आफ्नो पालनकर्तातर्फ प्रवृत्त त होऊ, अनि उसको महिमा हेर।

हे भाइ ! अल्लाहले हामीमाथि कुनै अन्याय र अत्याचार गरेको छैन बरु हामी नै पापी हौं, हामी नै अन्यायी हौं, हामी आफ्नो कर्मले गर्दा नै समस्यामा परेका हौं। हाम्रो इज्जत सम्मान,

धन सम्पत्ति असुरक्षित छन् तर यसको जिम्मेवारी हामीमाथि नै आउँछ र यसको औसधी पनि एउटै छ, र यसबाट बाँच्ने उपाय पनि एउटै छ र त्यो औसधी र उपाय यो हो कि हामी आफ्नो पालनकर्तातर्फ प्रवृत्त होऔं र उसैको अनुशरण गरौं, अनि हाम्रो कल्याण सुनिश्चित छ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

कपिलवस्तु नगर पालिका वॉड नं.९

महुवा तौलिहवा कपिलवस्तु

नेपाल

Mob. No.00977-9847030780-9727649238

00966-0501372254

Email-atiqkhannp1982@yahoo.com